

# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ४७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष १९ अंक ४ माघ–फागुन २०६८ Year 19 Vol 4 Feb./March-2012

## राष्ट्रिय वाणिज्य बैंकको ४७ औं वार्षिकोत्सव भव्य रूपले मनाइयो

**माघ १० काठमाडौं ।**

राष्ट्रिय वाणिज्य बैंकको ४७ औं वार्षिकोत्सव विविध कार्यक्रमहरूको आयोजना गरी भव्यतापूर्वक मनाईयो । यसै सिलसिलामा सिहंदरवारप्लाजा स्थित बैकको केन्द्रीय कार्यालय परिसरमा प्रधानमन्त्री डा. बाबुराम भट्टराईको



*बैंक परिसरमा स्वागत अभिवादन ग्रहण गर्दै प्रधानमन्त्री भट्टराई*

प्रमुख आतिथ्यमा एक विशेष: समारोहको आयोजना गरियो । सो समारोहमा प्रधानमन्त्री भट्टराईले ग्रामीण जनताको जीवनस्तर उकास्ने गरी लघु उद्यम परियोजनाहरूमा लगानी गर्न वाणिज्य बैंकहरूलाई आग्रह गर्नुभयो। अर्थमन्त्री वर्षमान पुन अनन्तले मुलुकको समग्र आर्थिक स्थिति गतिशिल बनाउन सरकारी बैंकहरूको भूमिका महत्वपूर्ण हुने वताउदै सरकारी बैंकहरूले प्रशासनिक खर्च घटाई निजी क्षेत्रसंग प्रतिष्पर्धी हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो। नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले बैंकको पूंजी कोष धनात्मक बनाउने कुरामा नेपाल राष्ट्र बैंक सकारात्मक र गंभीर रहेको वताउदै पूंजीकोष ऋणात्मक रहंदारहंदै कर्मचारीबाट भै आएको बोनसको माग सामाजिक न्यायको दृष्टिले जायज मान्न नसकिने वताउनुभयो । सभापतिको आसनबाट राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले राज्यको घोषित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले सशक्त भूमिका निर्वाह गर्ने प्रतिवध्दता प्रकट गर्नुभयो । सो अवसरमा स्वागत मन्तव्य प्रस्तुत गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले बैंकको पूंजीकोष ऋणात्मक हुंदा बैंकले धेरै व्यवसायिक अवसरहरू गुमाउनु परेको,बैंकको मुनाफा र कार्यकुशलतामा नकारात्मक असर परेको भन्दै यसबाट मुक्त गर्न सरकार र राष्ट्रबैंकसंग आग्रह गर्नुभएको थियो । सो अवसरमा प्रधानमन्त्री डा. बाबुराम भट्टराईले राष्ट्रिय वाणिज्य बैंकद्वारा आरम्भ गरिएको इन्टरनेट बैंकिंग सेवाको समुद्घाटन गर्नुभएको थियो भने राष्ट्रिय वाणिज्य बैंकका पहिलो जनरल म्यानेजर बेखामान सिंह प्रधान (वि.सं.२०२३ देखि २०३१ सम्म) लाई सम्मानित गरिएको थियो ।

सो समारोहमा नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले उत्कृष्ठ शाखा तथा कर्मचारीको घोषणा गर्नुभएको थियो भने पूर्व कर्मचारी संघका अध्यक्ष रामशान्त श्रेष्ठ, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य



*मूल समारोहको एक झलक*

बैंक केन्द्रीय समितिका अध्यक्ष अमृत बहादुर अधिकारी,नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष उद्धवप्रसाद

*बाँकी पृष्ठ ३ मा*

## यस अंकमा

- बैंकको ४७ औं वार्षिकोत्सवसम्बन्धी विशेष सामग्री
- नेपाल सरकार अर्थ मन्त्रालयद्वारा रावाबैंकको विस्तृत कार्ययोजना निर्धारण
- आन्तरिक लेखा परीक्षण सम्बन्धी तालीम/गोष्ठी
- कर्जा लगानी तथा असुली सम्बन्धी रणनीतिक गोष्ठी सम्पन्न
- पर्वत उद्योग वाणिज्य संघद्वारा प्रमुख कार्यकारी अधिकृतको सम्मान
- विभिन्न ५ स्थानमा शाखा पुनस्थापना

## सम्पादकीय

"जसरी यो आकर्षक भवनको आर्किटेक्चर डिजाईन सबै कोठामा सूर्यको प्रकाश पुग्ने गरि गरिएको छ त्यसरी नै यस बैंकका क्रियाकलापको प्रत्यावर्तन सबै नेपालीको चुलो चौकोमा पुग्न सक्यो भने मात्र यस बैंकको सार्थकता हुनेछ ।"

उपरोक्त कुरा राष्ट्रिय वाणिज्य बैंकको ४७ औं वार्षिकोत्सवको उपलक्षमा आयोजित मूल समारोहमा प्रमुख अतिथिको हैसियतले संवोधनको क्रममा प्रधानमन्त्री डा. वावुराम भट्टराईले वताउनुभएको हो । वास्तवमै निक्षेपको आधारमा देशकै ठूलो र दोश्रो पुरानो वाणिज्य बैंकका क्रियाकलापहरूले अन्य वित्तिय संस्थाको क्रियाकलापलाई समेत मार्गनिर्देश गर्ने र समग्र अर्थतन्त्रलाई गतिशीलता दिन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सन्दर्भमा देशको आर्थिक सामाजिक चित्रलाई समुज्वल बनाउन हाम्रो कांधमा ठूलो जिम्मेवारी रहेको छ । यस गुरुत्तर जिम्मेवारी वहनमा हामी सबै आ आफ्नो स्थानबाट इमान्दार ढंगले अघि बढ्न सकौं र प्रतिष्पर्धी क्षमता तथा व्यवसायिकताको अभिबृद्धि र सार्वजनिक दायित्व वहनबाट यस बैंकका क्रियाकलापलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट अभिव्यक्त विचारजस्तै सबै नेपालीको चुलो चौकोमा प्रत्यावर्तन गर्न सकौं,यसैतर्फ निर्देशित हुन सकुन् हाम्रा आगामी पाईलाहरू ।

## नेपाल सरकारद्वारा राष्ट्रिय वाणिज्य बैंकको विस्तृत कार्ययोजना निर्धारण

नेपाल सरकार अर्थ मन्त्रालयले यस मन्त्रालय र अन्तर्गतका निकायहरूको आर्थिक विकास र समृद्धि एवं सुशासनको विस्तृत कार्ययोजना, ०६८ जारी गरेको छ । यसै बमोजिम राष्ट्रिय वाणिज्य बैंकलाई तोकिएको विस्तृत कार्ययोजनाको सारसंक्षेप देहाय बमोजिम रहेको छ ।

| क.सं. | क्रियाकलाप | समय सीमा |
|---|---|---|
| १ | बैंकले प्रवाह गर्ने कुल कर्जाको ५ प्रतिशत कृषिमा लगानी गर्नुपर्ने व्यवस्था मिलाईने | ०६८ चैत्र |
| २ | वाली तथा पशु बीमा कार्यक्रम विस्तार गरी कृषि लगानीलाई सुरक्षित गर्ने | निरन्तर |
| ३ | ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पंहुच बढाउने नयां तथा पुनर्स्थापना ५ ,संभाव्यता अध्ययन १० | ०६९ असार |
| ४ | साना तथा मझौला उद्योग व्यवसायमा रू ५० करोड लगानी गर्ने | ०६९ असार |
| ५ | नेपाल सरकारका स्थायी शिक्षकहरूलाई शिक्षक वचत खाता तथा शिक्षक उपभोग कर्जा कार्यक्रम अन्तर्गत सरल व्याजदरमा ऋण उपलव्ध गराउने | ०६८ चैत्र |
| ६ | सामाजिक उत्तरदायित्व अन्तर्गत मृगौला उपचार कोषबाट मृगौला रोगको बारेमा जनचेतना फैलाउने कार्यक्रम गर्ने | ०६९ असार |
| ७ | निजी क्षेत्रद्वारा प्रवर्द्धित १० मेगावाटसम्मको जलविद्युत परियोजनामा लगानी गर्ने | ०६९ असार |
| ८. | संस्थागत वित्तिय मध्यस्थकर्ता तथा स्तरोन्नति भएका वचत तथा तथा कर्जा समूहमार्फत गरिवी निवारणको क्षेत्रमा लगानी विस्तार गर्ने ,साथै यो कार्यक्रम ३० शाखा कार्यालयहरूमार्फत संचालन गरिने | ०६९ असार |

## राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

राष्ट्रिय वाणिज्य बैंक समाचार तपाई हाम्रै समाचार हो । रावावैक समाचारको नियमित प्रकाशनको लागि आवश्यक बैंकका गतिविधिबारे सूचना तथा जानकारीहरू यथा समयमा प्रेषित गर्न यस बैंकका विभिन्न शाखा कार्यालय, क्षेत्रीय कार्यालय, केन्द्रीय कार्यालयका विभाग, कम्पनी सचिवालय तथा यूनियनका केन्द्रीय समितिहरुलाई अनुरोध छ । सूचनाको प्रभावकारी व्यवस्थापन निम्ति कुनै पनि कार्यक्रम आयोजना गर्नु पूर्व स्थानविशेषको आधारमा कम्तिमा २४ घन्टा पहिले यस समाचारलाई खवर गर्नुहुन या कार्यक्रम सम्पन्न भएको ३ दिनभित्र कार्यक्रम सम्बन्धी विवरण तथा तस्वीर तलको ठेगानामा पठाई समाचार संकलनमा सहयोग गर्नुहुन सम्बद्ध सबैलाई अनुरोध छ ।

**सम्पादक**

**राष्ट्रिय वाणिज्य बैंक समाचार**

**राष्ट्रिय वाणिज्य बैंक**

**केन्द्रीय कार्यालय**

**सामान्य सेवा विभाग**

**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल :** rbbnl@rbb.com.np

**फ्याक्स : ४२४९५६५**

## आन्तरिक लेखा परीक्षण सम्बन्धी गोष्ठी तथा तालीम सम्पन्न

माघ १५ वन्दिपुर

राष्ट्रिय वाणिज्य बैंक आन्तरिक लेखा परीक्षणको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले बैंकका आन्तरिक लेखा परीक्षकहरूको सहभागितामा आयोजित त्रिदिवशीय गोष्ठी तथा तालीम कार्यक्रम हालै वन्दिपुरमा सम्पन्न भयो । राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागको आयोजनामा कुल ५५ आन्तरिक लेखा परीक्षकको सहभागितामा संचालित उक्त गोष्ठीको सभापतित्व बैंकका संचालक तथा लेखापरीक्षण समितिका सदस्य पितृभक्त पोखेलले गर्नुभएको थियो । सो समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकका काम कारवाहीमा शुद्धता, नियमितता र वित्तिय अनुशासन कायम गर्न लेखा परीक्षणको महत्ववारे उल्लेख गर्दै आन्तरिक लेखा परीक्षकको कांधमा रहेको गहन दायित्ववारे प्रकाश पार्नुभएको थियो । आन्तरिक लेखा परीक्षण विभागका नायव मुख्य अधिकृत मोहनहरि आचार्यको संचालनमा सम्पन्न उक्त गोष्ठीमा क्षेत्रगत इन्चार्जहरूले आन्तरिक लेखा परीक्षण कार्यमा देखिएका समस्या र समाधानका उपायबारे प्रस्तुती दिनुभएको थियो ।



सो अवसरमा सम्पन्न तालीम तथा प्रशिक्षण कार्यक्रममा विभागीय प्रमुख कविराज अधिकारीले आन्तरिक लेखा परीक्षणको महत्व काम कर्तव्य, आन्तरिक लेखा परीक्षकको भूमिका तथा उत्तरदायित्व सम्वन्धमा प्रशिक्षण दिनुभएको थियो भने वाह्य प्रशिक्षक केदार रायमाझीले Emotional Intelligence र Positive Thinking सम्वन्धमा प्रशिक्षण दिनुभएको थियो । बैंकका विभागीय प्रमुखहरू कपिलमणि ज्ञवाली, केशवप्रसाद लम्साल र नारायण बहादुर अधिकारीले क्रमश: पुमोरी प्रविधिमा आन्तरिक लेखा परीक्षण,राष्ट्रिय वाणिज्य बैकमा ट्रेजरी व्यवस्थापन र वित्तिय विवरणको शुद्धतामा आन्तरिक लेखा परीक्षण को भूमिका सम्वन्धमा प्रशिक्षण दिनुभएको थियो । यसैगरी बैंकका सफ्टवेयर विशेषज्ञ सुमन श्रेष्ठले आई टि अडिट, आन्तरिक लेखा परीक्षणका उपप्रमुख सि.ए. सुनिल पोखरेलले Risk based internal auditing, कर्जा विभागका सि.ए. देवेन्द्ररमण खनालले Creedit Monitoring and Supervision, कर्जा विभागका सि.ए. विनयरमण पौडेलले Role of Internal Audit in NPL Management विषयमा प्रशिक्षण दिनुभएको थियो ।

नायव मुख्य अधिकृत महेश खरेलको संचालनमा सम्पन्न तालीमको समापन सत्रमा प्रशिक्षार्थीहरूबाट मूल्यांकन समीक्षा र विभागीय प्रमुख कविराज अधिकारीबाट धन्यवाद मन्तव्य प्रस्तुत गरिएको थियो ।

*(आ.ले.प.विभागका उपप्रमुख सुनिल पोखेलको सहयोगमा तयार सामग्री)*

## समाचार संक्षेप

### राष्ट्रिय वाणिज्य बैंकको पक्षमा फैसला

यस बैंकको काठमाडौं जिल्ला का.म.पा. वडा नं २३ वसन्तपुरको घर जग्गामध्ये कि.नं.९५४ को ० १ ० १ क्षेत्रफलको जग्गा र सोमा रहेको घरसमेतको स्वामित्वसम्बन्धी मुद्दामा सम्मानित सर्वोच्च अदालतले बैंकको पक्षमा फैसला दिएको छ । सो फैसला बमोजिम उक्त घर जग्गाको दर्ता श्रेष्ता यस बैंकको नाममा कायम भैसकेको र सो घर जग्गा खाली गराउने सन्दर्भमा कानुनी तथा सामाजिक दवावको पहल भैरहेको जानकारी राष्ट्रिय वाणिज्य बैंक सामान्य सेवा विभागका सिभिल ईन्जिनियर तथा सम्पत्ति संरक्षण कार्यदलका सदस्य सचिव सन्त बहादुर कुंवरबाट रावावैक समाचारलाई प्राप्त भएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकको .......

गौतम, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ केन्द्रीय समितिका अध्यक्ष नारायणप्रसाद सुवेदी लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको




*सभामा सम्बोधन गर्दै अर्थ मन्त्री वर्षमान पुन 'अनन्त'*

थियो ।

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थीको संचालनमा सम्पन्न उक्त समारोहमा नेपाल राष्ट्र बैंकका




*सभामा सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा*

डेपुटी गभर्नरद्वय गोपाल प्रसाद काफ्ले र महाप्रसाद अधिकारी,नेपाल बैंक लिमिटेड व्यवस्थापन समूहका संयोजक महेश्वरलाल श्रेष्ठ,कृषि




*समापन मन्तव्य दिँदै राष्ट्रिय बाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरी ढकाल*

विकास बैंकका प्रमुख कार्यकारी अधिकृत तेज बहादुर बुढाथोकी, राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरू शान्तराज सुवेदी,विष्णुदास




*स्वागत भाषण गर्दै राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा*

डंगोल,पितृभक्त पोखेल,बालचन्द्र श्रेष्ठ,लक्ष्मण न्यौपाने र शिवादेवी काफ्ले लगायतका महानुभावको समुपस्थिति थियो ।

**उत्कृष्ठ शाखा तथा कर्मचारीको घोषणा**




*उत्कृष्ठ शाखा तथा कर्मचारीको घोषणा गर्दै रा.बा.बैंकका नायव महाप्रबन्धक ज्योतिचन्द्र ओझा*

सो अवसरमा घोषित उत्कृष्ठ शाखा तथा कर्मचारी विवरण यसप्रकार रहेको छ ।

**शाखा कार्यालयतर्फ**

सर्वोत्कृष्ट शाखा कार्यालय निजगढ (बारा)

**उत्कृष्ठ**

विराटनगर क्षेत्र : दमक (प्रथम), दिक्तेल (द्वीतिय) इटहरी (तृतीय)
वीरगन्ज क्षेत्र : निजगढ (प्रथम), सिन्धुली (द्वीतिय) हेटौंडा (तृतीय)
काठमाडौं क्षेत्र : महाराजगन्ज (प्रथम) सिंहदरवार (द्वीतिय), भोटाहिटी (तृतीय)
पोखरा क्षेत्र : वुटवल, भैरहवा (प्रथम) अमरसिंहचोक (द्वीतिय), गुल्मी (तृतीय
नेपालगन्ज क्षेत्र : विजुवार (प्रथम) तुलसीपुर (द्वीतिय), सुर्खेत (तृतीय)

**कर्मचारीतर्फ**

| पद नाम थर | विभाग । कार्यालय |
|---|---|
| ना.मु.अ. देवेन्द्र खनाल (८१६२) | आ.ले.प.विभाग |
| स.चौ.व.वा. प्रेम बहादुर श्रेष्ठ (५१२० | कर्जा विभाग |
| स.चौ.राज कुमार श्रेष्ठ (३८३५) | सूचना प्रविधि विभाग |
| ले.अ. भिमप्रसाद घिमिरे (११०९६) | मा.सं.विभाग |
| सहायक पांचौ विलभराज गौतम (४८१५) | का.पे. तथा से. विभाग |
| स.ले.अ. विष्णुहरि खड्का (८८१४) | वित्त विभाग |
| स.चौथो जीतेन्द्र राई (८८८९) | शा.का.नक्शाल |
| स.ले.अ. भरत बहादुर खड्का (८२३०) | शा.का. सिंहदरवार |
| स.पांचौ श्रीमती नन्दा श्रेष्ठ (६९४८) | शा.का. धादिंग |
| ले.अ.राजेन्द्रमान सिंह (१०६७६) | मु.शा.का .काठमाडौं |
| स.पांचौ सीताराम आचार्य (८७६४) | शा.का.ललितपुर |
| स.पांचौ अर्जुन कुमार सुवेदी (७९७७) | शा.का.फिक्कल |
| स.पांचौ उमापति बांस्तोला (१०३८६) | शा.का.ललितपुर |
| स.चौथो कमलप्रसाद पोखेल (१०८०३) | शा.का.मिर्चैया |
| स.पांचौ सीता काफ्ले (९१५४) | शा.का.विराटनगर |
| स.पांचौ बद्रिप्रसाद भट्टराई (९१९५) | शा.का.विर्तामोड |
| स.पांचौ शिवप्रसाद उपाध्याय (८९६४) | शा.का.निजगढ |
| स.पांचौ भरत वाग्ले (८७५३) | शा.का. नारायणगढ |
| स.पांचौ रामप्रवेश झा (९२०८) | शा.का.धनुषा महेन्द्रनगर |
| स.ले.अ.रूकमागत मुडवरी (९१६०) | शा.का.गुल्मी |
| स.पांचौ नारायण बहादुर टण्डन क्षेत्री (६२३४) | शा.का.वुटवल खस्यौली |
| स.पांचौ मान बहादुर खत्री (१०३५७) | शा.का.वेशीसहर |
| स.चौथो स.चा.रामचन्द्र थापा (९१३२) | क्षे.का.पोखरा |
| स.पांचौ प्रेम बहादुर वली क्षेत्री (९७२९) | शा.का.कोहलपुर |
| स.चौथो कमल बहादुर चन्द (८८५४) | शा.का.अत्तरिया |
| स.तेश्रो शिवराज जोशी (१०९३९) | शा.का.डडेलधुरा |
| स.चौथो लक्ष्मीप्रसाद पाण्डेय (११४११) | शा.का.जुम्ला |
| स.पांचौ हिम बहादुर नेपाली (८५४७) | क्षे.का.नेपालगन्ज |
| स.ले.अ. कर्णदेव जोशी (१११११५) | शा.का. लम्की |



*बैंकका प्रथम जनरल म्यानेजर बेखामान सिंह प्रधान सम्मान ग्रहण गर्दै*

**विप्रेषकहरू सम्मानित**

राष्ट्रिय वाणिज्य बैंकमार्फत वैदेशिक विप्रेषण पठाई राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउने ग्राहकहरूमध्ये उत्कृष्ठ १८ ग्राहकलाई वार्षिकोत्वको अवसरमा आयोजित एक समारोहका बीच सम्मानित गरियो। सम्मानित हुने ग्राहकको विवरण देहायअनुसार रहेको छ।




*सम्मानित विप्रेषण ग्राहकहरू बैंकका संचालक तथा उच्चपदस्थ अधिकृतहरूको साथमा*

| विप्रेषकको नाम | प्रापकको नाम |
|---|---|
| युशुफ श्रेष्ठ | युशुफ श्रेष्ठ |
| राजेन्द्र अधिकारी | देव कुमारी अधिकारी |
| वालध्वज कार्की | ईन्द्रध्वज कार्की |
| परशुराम ठाकुर | रानी शर्मा ठाकुर |
| सुनिल मानन्धर | रन्जना मानन्धर |
| राम प्रकाश श्रेष्ठ | वाल राम श्रेष्ठ |
| नरायण प्रसाद दहाल | रेनुका देवी दहाल |
| जनक कुमार रेग्मी | सुनिता रेग्मी |
| दिल कुमार तामांग | इच्छामाया तामांग |
| गणेश कुमार अधिकारी | कल्पना अधिकारी |
| हिरोज श्रेष्ठ | हिरोज श्रेष्ठ |
| राजन प्रसाद वतौंला | विना भण्डारी |
| राजकपुर ढुंगाना | नताशा ढुंगाना |
| सुरेन्द्र विष्ट | ममता विष्ट |
| गादलाल रावत | उमा रावत डांगी |
| सूर्य बहादुर दिक्षित | करूणा दिक्षित |
| पि.पि.आई.जि.टि. | प्रगति दर्लामी |
| सुवाश कुमार राउत | सुवाश कुमार राउत |

(श्रोत राष्ट्रिय वाणिज्य बैंक ट्रेजरी विभाग वैदेशिक रेमिटान्स महाशाखा )

**कवि गोष्ठी सम्पन्न**

माघ ७ थापाथली

यसै अवसरमा बैंकद्वारा एक वृहत कवि गोष्ठीको आयोजना गरियो। राष्ट्रिय वाणिज्य बैक केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका उपप्रमुख एवं कवि मित्रलाल पंज्ञानीको सभापतित्व तथा बैकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा दर्जनौं अतिथि तथा प्रतियोगी कविहरूले कविता वाचन गरेका थिए। राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय व्यवस्थापन सूचना प्रणाली विभागका लेखा अधिकृत दिनेशविक्रम थापाको संचालनमा सम्पन्न उक्त कवि गोष्ठीमा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयका नायव मुख्य अधिकृत मुकुन्द अर्यालले स्वागत मन्तव्य दिनुभएको थियो।

प्रतियोगितात्मक कवितातर्फ निर्णायकको भूमिकामा साहित्यकारहरू सर्वश्री श्रवण मुकारूंग,धिरेन्द्र प्रेमर्षि र बुनु लामिछाने हुनुहुन्थ्यो भने प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयका दिनेश कुमार शर्मा प्रथम, शिवहरि पौडेल द्वीतिय ,वेद (विवेक) लावती तृतीय र पद्मा सापकोटाले शान्त्वना स्थान हासिल गर्नुभएको थियो।

यसअघि राष्ट्रिय वाणिज्य बैंकको ४७ औ वार्षिकोत्सव भव्यतापूर्वक मनाउन प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको संयोजकत्वमा केन्द्रीय कार्यालयका विभागीय प्रमुख तथा मुख्य अधिकृत ,कम्पनी सचिव र मुख्य शाखा कार्यालय काठमाडौंका प्रवन्धक सम्मिलित २३ सदस्यीय वार्षिकोत्सव मूल समारोह समिति गठन गरिएको थियो। यसैगरि नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाको संयोजकत्वमा गठित ३ सदस्यीय स्मारिका प्रकाशन उपसमिति,कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्माको संयोजकत्वमा गठित ३ सदस्यीय सामाजिक उत्तरदायित्व वहन उपसमिति, सामान्य सेवा विभागका प्रमुख मनमोहन प्रसाद भण्डारीको संयोजकत्वमा गठित २ सदस्यीय भौतिक सहयोग उपसमिति,कर्जा असुली तथा पुनसंरचना विभागका प्रमुख नरेश राज अर्यालको संयोजकत्वमा गठित २ सदस्यीय रक्तदान उपसमिति,मानव संशाधन विभागका प्रमुख रामचन्द्र सुवेदीको संयोजकत्वमा गठित दीर्घ सेवा पदक वितरण उपसमिति,मार्केटिंग एण्ड डेभ्लप्मेन्ट विभागका प्रमुख रीता ढुंगेलको संयोजकत्वमा गठित प्रचार प्रसार उपसमिति,विभागीय प्रमुख माधवराज पन्तको संयोजकत्वमा गठित २ सदस्यीय स्वास्थ्य परीक्षण उपसमिति,शाखा संचालन विभागका प्रमुख भेषराज पन्थीको संयोजकत्वमा गठित २ सदस्यीय स्वागत उपसमिति,कर्जा विभागका मुख्य अधिकृत भुपेन्द्र पाण्डेको संयोजकत्वमा गठित खेलकुद उपसमितिद्वारा पूर्व निर्धारित कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरिए। यस क्रममा आयेजित रक्तदान कार्यक्रममा कुल १२३ कर्मचारीले रक्तदान गरेको तथा राष्ट्रिय मृगौला केन्द्र काठमाडौंको सहयोगमा संचालित स्वास्थ्य परीक्षण कार्यक्रममा कुल ३७७ कर्मचारीको स्वास्थ्य परीक्षण गरिएको जानकारी सम्वद्ध उप समितिबाट प्राप्त भएको छ।

यसैगरि बैंकको वार्षिकोत्सव मोफसलका राष्ट्रिय वाणिज्य बैंकका क्षेत्रीय तथा शाखा कार्यालयहरूमा उत्शाहपूर्वक मनाईएका समाचारहरू प्राप्त भएका छन्।

## काठमाडौं क्षेत्र

**शाखा कार्यालय विदुर**

यस क्षेत्र अन्तर्गतको शाखा कार्यालय विदुरमा बैंकको वार्षिकोत्सव भव्यतापूर्वक मनाईएको जानकारी प्राप्त भएको छ। सो अवसरमा शाखाद्वारा




एक वृहत पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो। स्थानीय होटल रिशोनमा स्थानीय तथा राष्ट्रिय स्तरका १५ पत्रपत्रिकाका प्रतिनिधिको सहभागितामा आयोजित उक्त कार्यक्रममा शाखा प्रवन्धक शैलेन्द्र कुमार शाहले शाखाले प्रदान गर्ने सेवा र शाखाको पुससम्मको वित्तिय अवस्थाबारे जानकारी दिनुभएको थियो।

**शाखा कार्यालय खरानीटार**

यसैगरि शाखा कार्यालय खरानीटारमा प्रवन्धक मान बहादुर गुरूङ्गको अध्यक्षता तथा सहायक प्रवन्धक दामोदर प्रसाद भट्टराईको संयोजनमा बैंकको वार्षिकोत्सव भव्यतापूर्वक मनाईएको समाचार प्राप्त भएको छ।

## पोखरा क्षेत्र

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय पोखराको संयोजनमा पोखरा उपत्यकास्थित शाखा कार्यालयहरूको सहभागिता र स्थानीय उद्यमी व्यवसायीको उल्लेख्य उपस्थितिमा वार्षिकोत्सव मनाईयो।

सो अवसरमा प्रमुख अतिथि नेपाल राष्ट्र बैंक पोखराका व्यवस्थापक अमरनाथ अधिकारीले रावाबैंकले हालका दिनमा गरेको प्रगतिको सराहना

गर्दै आगामी दिनमा बैंक अरू सशक्त ढंगले अघि वढोस् भन्ने शुभेच्छा प्रकट गर्नुभयो । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुमन भट्टराईले आफू निजी बैंकको चर्को व्याजदरबाट प्रताडित रहेको र रावावैंकसंग कारोवार गर्न इच्छुक रहेको वताउनुभयो भने पो.उ.वा.संघका महासचिव संजीव बहादुर कोईरालाले वाणिज्य बैंकमा अझै पनि पुराना कर्मचारीको बोलवाला रहेको र काम गर्ने पुरानै कार्यशैली रहेकोमा सोको सुधारको आवश्यकता रहेको वताउनुभयो । प्रतिष्ठित ग्राहक चन्द्रकृष्ण कर्माचार्यले विगत लामो समयदेखि रावावैंकसंग कारोवार गर्दैआएको र यसै बैंकले आफूलाई यस स्थानमा ल्याईपुरयाएको वताउनुभयो । रावावैंक क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक ओम प्रकाश आचार्यको सभापतित्व र स.ले.अ. गंगाधर पौडेलको संचालनमा सम्पन्न उक्त समारोहमा बैंकका ग्राहक तथा पूर्व कर्मचारीको बाक्लो उपस्थिति थियो ।

**शाखा कार्यालय वाग्लुङ्ग बजार**

यस क्षेत्र अन्तर्गतको शाखा कार्यालय वाग्लुंग बजारमा बैंकको वार्षिकोत्सव भव्यतापूर्वक मनाईएको जानकारी प्राप्त भएको छ ।

धौलागिरी वहुमुखी क्याम्पसका प्राध्यापक विजयराज पन्तको सभापतित्व तथा स्थानीय विकास अधिकारी विष्णु बहादुर थापाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा २३ नम्बर वाहिनीपति रथी शेखरसिंह वस्नेत, सहायक वाहिनीपति दिलिप विष्ट,सूर्यदल गणका गणपति प्रमुख सेनानी ईन्द्रबहादुर शाह,जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक उमाप्रसाद चतुर्वेदी,मालपोत कार्यालयका प्रमुख नारायण पाण्डे,उद्योग वाणिज्य संघका शिव कंडेल लगायतका महानुभावको आतिथ्य रहेको थियो । पत्रकार,स्थानीय उद्यमी व्यापारी,निक्षेपकर्ताको वाक्लो उपस्थिति रहेको सो समारोहमा शाखा प्रवन्धक विदुरभुषण क्षेत्रीले शाखाले प्रदान गर्ने सेवा तथा शाखाको प्रगतिबारे जानकारीसहित धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## विराटनगर क्षेत्र

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरको संयोजन तथा विराटनगरस्थित शाखा कार्यालयहरूको सहभागितामा बैंकको वार्षिकोत्सव भव्यतापूर्वक मनाईयो । नेपाल राष्ट्र बैंक विराटनगरका व्यवस्थापक नर बहादुर थापाको प्रमुख आतिथ्य ,पूर्वान्चल उद्योग वाणिज्य महासंघका अध्यक्ष किशोर प्रधानको विशेष : आतिथ्य तथा पूर्वान्चल ग्रामीण विकास




बैंकका कार्यकारी निर्देशक श्यामदेव योगी, नेपाल वायु सेवा निगमका क्षेत्रीय प्रवन्धक बील बहादुर श्रेष्ठ, सशस्त्र प्रहरी नायव उपरीक्षक बद्रिनारायण चौधरी ग्राहक श्रीकृष्ण रेग्मी लगायतका महानुभावको आतिथ्य रहेको थियो । सो अवसरमा रावावैंक शाखा कार्यालय विराटनगरका प्रवन्धक उद्धव प्रसाद खनाल, शा.का.देवकोटाचोकका प्रवन्धक विनोद बाबु पन्तको समुपस्थिति थियो ।

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक सरेन्द्र कुमार वजिमयोको सभापतित्व र ना.मु.अ.भैरव बहादुर हमालको संचालनमा सम्पन्न उक्त समारोहमा बैंकका ग्राहक तथा पूर्व कर्मचारीको बाक्लो उपस्थिति थियो ।

यसैगरि शाखा कार्यालय इटहरीमा पनि बैंकको वार्षिकोत्सव भव्यतापूर्वक मनाईएको जानकारी लेखा अधिकृत जानुका थापाबाट बैंक समाचारलाई प्राप्त भएको छ । शाखा कार्यालय राजविराज लगायत अन्य शाखाहरूमा पनि विविध कार्यकमको आयोजना गरी उत्शाहपूर्वक बैंकको वार्षिकोत्सव मनाइएका समाचारहरू प्राप्त भएका छन् ।

कविता

## हजुर तपाईलाई कस्तो मान्छे चाहिन्छ ?

**दिनेश कुमार शर्मा**

एउटा सिटामोलको अभावमा अकालमै मर्नेहरू
पाल्तु घरेलु कुकुरका लागि लाखौं खर्च गर्नेहरू
धन दौलत र सम्पत्तिले मातिनेहरू
एक छाक खान नपाई जीवनदेखि आतिनेहरू
रातदिन काम गरेर पनि आधा पेटमा बांच्नेहरू
शोषणरहित समाजको भाषण गर्दै अट्टहास हांसो हांस्नेहरू
हजुर तपाईलाई कस्तो मान्छे चाहिन्छ
मेरो देशमा जस्तो खोजे पनि पाईन्छ ।

नेताको निम्ति शहीदको मृत्यु मर्नेहरू
शहीदकै नामबाट आफ्नो खल्ति भर्नेहरू
देशलाई निर्वस्त्र पारेर लुट्नेहरू
जनताकै रगतले आफनो हात चुठ्नेहरू
रातारात कंगालबाट करोडपति बन्नेहरू
जनतालाईमात्र चुनावी भऱ्याङ्ग ठान्नेहरू
हजुर तपाईलाई कस्तो मान्छे चाहिन्छ
मेरो देशमा जस्तो खोजे पनि पाईन्छ ।

भाग्यलाई दोष दिंदै पिठ्युँमा बोक्ने डोकाहरू
देशप्रेमको गीत गाउंछौं हामी जस्ता भोकाहरू
शहीदगेटमा सजिएका छन् जनताका वीर शहीदहरू
आजकल दैनिक जन्मदैछन् दश लाखे शहीदहरू
एक जमात कुकुरसंगै हिंड्ने डुल्ने खानेहरू
अर्को जमात मान्छे मान्छे छुंदा पनि मान्छेकै जात जानेहरू
हजुर तपाईलाई कस्तो मान्छे चाहिन्छ
मेरो देशमा जस्तो खोजे पनि पाईन्छ ।

खोकी लाग्दा उपचार गर्न विदेशतिर जानेहरू
संविधान बनाउंछौं भन्दाभन्दै भत्ता मात्रै खानेहरू
विना उपचार छट्पटाईरहेका आन्दोलनका घाईतेहरू
आफूलाई नेता ठान्ने लोकतन्त्रका काईतेहरू
गरिबको राजनीति गरी महिनौ हजारौ डलर गन्नेहरू
सुनको थालमा भूजा ज्यूनार गरी आफूलाई सर्वहारा भन्नेहरू
हजुर तपाईलाई कस्तो मान्छे चाहिन्छ
मेरो देशमा जस्तो खोजे पनि पाईन्छ ॥

**(बैंकको ४७ औं वार्षिकोत्सवको अवसरमा आयोजित आन्तरिक कविता प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल कविता)**

## समवेदना

यस बैंकको केन्द्रीय कार्यालय तालीम तथा विकास विभागका लेखा अधिकृत मणि ढुङ्गाना (८२६१) का ९२ वर्षिय माता हेम कुमारी ढुङ्गानाको ०६८ माघ १८ मा, शाखा कार्यालय, सूर्यविनायकका सहायक चौथो गणेश बहादुर जोशी (६००६) का पिता कृष्ण वहादुर जोशीको मिति २०६८।९।५ मा, शाखा कार्यालय, वझाङ्गका तह ४ वाहक राम वहादुर रोकाया (९१३९) का माता धर्मा देवी रोकायाको मिति २०६८। ९।२६ मा, शाखा कार्यालय, विराटनगरका वरिष्ठ वाहक राधा पौडेल(९०१९) का पति समर वहादुर पौडेल को मिति २०६८।९।२५ मा, शाखा कार्यालय, टेकुका सहायक पाचौं अम्विका डंगोल (५६२४) का पति कृष्ण महर्जनको मिति २०६८।८।५ मा, क्षेत्रीय कार्यालय, नेपालगंजका सह लेखा अधिकृत राम चरण वि.सी (५२३१), शाखा कार्यालय, नेपालगंजका सहायक पाचौं लक्ष्मी वि.सी (१०६८१) र केन्द्रीय कार्यालय, मानव संशाधन विभागका सहायक चौथो सुमित्रा वि.सी (९७९२) का माता विर्दी कुमारी बुढा क्षेत्रीको मिति २०६८।९।३० मा निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तीको निम्ती परमेश्वरसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK Ltd.

**राष्ट्रिय वाणिज्य बैंक लि.**
परिवार

# नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैकद्वारा अन्तरक्रिया कार्यक्रमको आयोजना

माघ २९ काठमाडौं

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिद्वारा आयोजित परिवर्तित परिवेशमा राष्ट्रिय वाणिज्य बैंकको व्यवसायिकरण सम्बन्धी एक दिवशीय अन्तरक्रिया कार्यक्रम हालै सम्पन्न भयो । आयोजक संघका केन्द्रीय अध्यक्ष उध्दवप्रसाद गौतमको सभापतित्व तथा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माको प्रमुख आतिथ्यमा सम्पन्न यूनियन व्यवस्थापनबीचको उक्त अन्तरकृया कार्यक्रममा आयोजक संघका केन्द्रीय समितिका ४५ पदाधिकारी र व्यवस्थापनका तर्फबाट मानव संशाधन विभागका रामचन्द्र सुवेदी, ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी, कार्ड पेमेन्ट तथा सेटलमेन्ट विभागका प्रमुख गिरिजानन्द पनेरू तथा मासंविका उपप्रमुख शशि आचार्यको समुपस्थिति रहेको थियो । अन्तरक्रियामा संघका विभिन्न क्षेत्रका प्रतिनिधिले बैंकको इतिहासमा प्रथम पटक बैंकभित्रैबाट प्रमुख कार्यकारी अधिकृत बन्न सफल नवनियुक्त प्रमुख कार्यकारी अधिकृतको कार्यकालको सफलता निम्ति मन बचन र कर्मले सघाउने प्रतिवध्दता सहित आ-आफ्नो कार्यक्षेत्रको समस्या तथा जिज्ञाशाबारे प्रस्तुती दिनुभएको थियो ।

सो अवसरमा प्रमुख कार्यकारी अतिथि कृष्ण प्रसाद शर्माले बैंकको समग्र कार्यदक्षता अभिबृध्दिमा कर्मचारीको भूमिका महत्वपूर्ण हुने वताउदै बैंकले कारोवार र कर्मचारी उत्पादकत्व अभिबृध्दिमा विशेष: जोड दिने बताउनुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले **कर्मचारी समस्या सर्जक होईन कि समाधानकर्ता हुनुपर्ने वताउदै कर्मचारीको काम गर्ने शैलीमा ग्राहकले अनुभूत गर्ने गरी परिवर्तन ल्याउनुपर्ने वताउनुभयो ।** वजार स्थायित्व कायम गर्न सार्वजनिक बैंकको महत्वपूर्ण भूमिका रहने तथ्यबारे अवगत गराउदै सबै सरोकारवालाको विश्वास जित्ने अभियानमा व्यवस्थापनले पहल गरिरहेको, पूंजी पर्याप्तता सम्बन्धी पहलले छिटै सार्थकता पाउने वताउदै श्री शर्माले बैंकको सफलता सुनिश्चितता



(तस्विर जितेन्द्र सिंह थापा)

निम्ति कर्मचारीमा पेशेवारिताको विकास अत्यावश्यक रहेको तथ्यमा जोड दिनुभयो । आयोजक संघका अध्यक्ष उद्धव प्रसाद गौतम र महासचिव दिनेश विक्रम थापाको संचालनमा सम्पन्न उक्त कार्यक्रममा आयोजक संघका निवर्तमान अध्यक्ष (एफ.टि.पि.) तथा केन्द्रीय व्यवस्थापन समितिका सदस्य जितेन्द्र सिंह थापाले स्वागत मन्तव्य दिनुभएको थियो भने सल्लाहकार समितिका संयोजक शिवराम पौडेलले कार्यक्रमको उद्देश्य तथा उपादेयताबारे प्रकाश पार्नुभएको थियो । *(जितेन्द्र सिंह थापा र उद्धव प्रसाद गौतमको सहयोगमा)*

## श्रद्धाञ्जली सभा सम्पन्न

फागुन २ काठमाडौं

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय व्यवस्थापन सूचना प्रणाली विभागका सह लेखा अधिकृत शोभा पन्तको असामयिक निधनको १३ औं पुण्य तिथिमा बैंकको सिंहदरवार प्लाजा स्थित केन्द्रीय कार्यालय परिसरमा एक श्रध्दान्जली सभाको आयोजना गरियो । नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समितिको आयोजनामा सम्पन्न उक्त सभामा उपस्थित महानुभावहरूले दिवंगत आत्माको चिर शान्तिको निम्ति मौन धारणसहित स्व.पन्तको तस्वीरमा पुष्पार्पण गर्नुभएको थियो । आयोजक समितिका सचिव हरिश्चन्द्र गौतमको संचालनमा सम्पन्न सो सभामा बैंकको केन्द्रीय कार्यालय मानव संशाधन विभागका प्रमुख रामचन्द्र सुवेदी, नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष उध्दव प्रसाद गौतम लगायतका वक्ताले स्व. पन्तले सेवाकालमा बैंकमा पुरयाउनुभएको योगदानको स्मरण गर्दै श्रध्दान्जली मन्तव्य दिनुभएको थियो ।

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समिति महिला विभागकी सह संयोजक समेत रहनु भएकी श्रीमती पन्तको २०६८ माघ १९ गते रक्त क्यान्सरबाट निधन भएको थियो । रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा लगायत रावावैंकका अधिकृत तथा कर्मचारीहरूले आर्यघाटमा अन्तिम श्रध्दान्जली चढाउनुभएको थ्यिो । स्व. पन्त यस बैंककै सेवा निवृत्त कर्मचारी अरूणराज पन्तकी धर्मपत्नी हुनुहुन्थ्यो भने उहाकी एकमात्र सुपुत्री सृष्टि पन्त अध्ययन तथा रोजगारीको सिलसिलामा अमेरिकामा रहेकी छन् ।

**श्रद्धासुमन**



**यस बैंकको केन्द्रीय कार्यालय व्यवस्थापन सूचना प्रणाली विभागका सह लेखा अधिकृत शोभा पन्तको ०६८ माघ १९ मा भएको असामयिक निधनको खवरले हामी मर्माहत भएका छौं । यस दुखद घडीमा आफ्नो सेवाकालमा यस बैंकको विकासमा उहाँले पुऱ्याउनुभएको योगदानको स्मरण गदै उहाँप्रति श्रद्धा सुमन चढाउँछौं । अथाह शोक र पीडाको यस घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिर शान्तिको निम्ति परम कृपालु परमेश्वरसंग प्रार्थना गर्दछौं ।**

**राष्ट्रिय वाणिज्य बैंक लि.**
परिवार

## राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको १० औं क्षेत्रीय अधिवेशन सम्पन्न

राष्ट्रिय वाणिज्य कर्मचारी संघ नेपालका विभिन्न ६ क्षेत्रका क्षेत्रीय अधिवेशनहरू सफलतापूर्वक उत्शाहजनक ढंगले हालै सम्पन्न भएका र बांकी अधिवेशनहरू छिटै सम्पन्न हुने जानकारी संघको केन्द्रीय समितिबाट जारी प्रेस नोटमा जनाईएको छ ।

यसै सिलसिलामा संघको केन्द्रीय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदीको प्रमुख आतिथ्यमा मिति ०६८।१०।१४ मा विराटनगरमा सम्पन्न विराटनगर क्षेत्रको अधिवेशनले हेमराज सुवेदीको अध्यक्षतामा २१ सदस्यीय क्षेत्रिय समिति, मिति ०६८।११।१३ मा राजविराजमा सम्पन्न सगरमाथा क्षेत्रको अधिवेशनले राम सुन्दर यादवको अध्यक्षतामा ११ सदस्यीय क्षेत्रीय समिति,०६८।१०।२१ मा वीरगन्जमा सम्पन्न वीरगन्ज क्षेत्रको अधिवेशनले राजु उपाध्यायको अध्यक्षतामा २१ सदस्यीय क्षेत्रीय समिति, ०६८।१०।२८ मा पोखरामा सम्पन्न पोखरा क्षेत्रको अधिवेशनले निर्मलराज रेग्मीको अध्यक्षतामा १९ सदस्यीय क्षेत्रीय समिति, मिति ०६८।११।३ मा नेपालगन्जमा सम्पन्न नेपालगन्ज क्षेत्रको अधिवेशनले अंगद श्रेष्ठको अध्यक्षतामा १९ सदस्यीय समिति र मिति ०६८।११।२ मा धनगढीमा सम्पन्न धनगढी क्षेत्रको अधिवेशनले बल बहादुर थापाको अध्यक्षतामा १३ सदस्यीय क्षेत्रीय समिति चयन गरेको छ ।



रा.बा.बैंक शाखा कार्यालय खोटाङ बजार समुद्घाटनको एक झलक

## सरुवा विवरण (गताङ्कको बांकी )

| पद | नाम, थर | क.नं. | साविक कार्यालय | हालको कार्यालय |
|---|---|---|---|---|
| सहायक पांचौ | ईश्वर शर्मा लामिछाने | १००१४ | मन्थली | ठमेल |
| सहायक पांचौ | तारा देवी श्रेष्ठ | ५१२६ | वुढानिलकण्ठ | मैतिदेवी |
| सह लेखा अधिकृत | पुण्य प्रसाद चौलागाई | ८३१२ | बेलवारी | इटहरी |
| सहायक पांचौ | भरत कुमार पोखरेल | १०६०८ | इटहरी | बेलवारी |
| सहायक चौथो | उमाकान्त पण्डीत | ६८७९ | सूचना प्रविधि बिभाग | हेटौडा |
| सहायक तेश्रो | टेक प्रसाद पौडेल | ९१३४ | पृथ्वीचोक | भरतपुर |
| सहायक पांचौ | दिल वहादुर मल्ल | ८५८१ | तौलिहवा | नक्साल |
| नायव मुख्य अधिकृत | किरण कुमार महर्जन | ९४९५ | सूचना प्रविधि बिभाग | मु.शा.का. काठमाण्डौं |
| सहायक चौथो | लक्ष्मी लामा | ७६३४ | सामान्य सेवा बिभाग | व्रान्च अपरेश बिभाग |
| सह मुख्य अधिकृत | विर वहादुर चंद | ९४९४ | क्षे.का. पोखरा | वजेट तथा योजना महाशाखा |
| नायव मुख्य अधिकृत | सदानन्द मेहता | ८१५३ | भद्रपुर | विरगंज |
| नायव मुख्य अधिकृत | कृष्णानन्द झा | ९४९१ | विरगंज | आ.ले.प.बिभाग |
| लेखा अधिकृत | दुष्यन्त राज निरौला | १११८४ | कर्जा बिभाग | भद्रपुर |
| सह लेखा अधिकृत | गणेश खत्री | ११०८५ | सल्लेरी | थापाथली |
| सह लेखा अधिकृत | कृष्ण प्रसाद पौडेल | ११०७२ | थापाथली | सल्लेरी |
| सह लेखा अधिकृत | केशव राज खनाल | ११०६७ | दार्चुला | कोहलपुर |
| सह लेखा अधिकृत | राजेन्द्र कुमार श्रेष्ठ | १०६८५ | कोहलपुर | नेपालगंज |
| का.मु.ले.अ. | आनन्द वहादुर थापा | ६४०५ | किर्तिपुर | मा.सं.विभाग |
| लेखा अधिकृत | शेचन रेग्मी | ९८३७ | ठमेल | किर्तिपुर |
| सहायक पांचौ | ओम वहादुर शाहा | ६५८० | सिमिकोट | कोहलपुर |
| सहायक पांचौ | रेशम राज गौतम | १०४०१ | तुल्सीपुर | जुम्ला |
| लेखा अधिकृत | धनश्याम रिजाल | १०००० | भोटाहिटी | व्रान्च अपरेशन बिभाग |
| सहायक पांचौ | पौर प्रसाद खतिवडा | ६१४८ | क्षे.का.विराटनगर | भद्रपुर |
| सहायक पांचौ | रोहित कुमार वन्जरा | ५६७८ | बेलवारी | खोटांगवजार |
| सहायक चौथो | शोवा कुमार श्रेष्ठ | १०५७८ | गाइघाट | खोटांगवजार |
| सहायक चौथो | गोपाल जोशी | ६९०६ | कावासोती | पर्साढाप |
| सह लेखा अधिकृत | श्रीवहादुर रानाभाट | ८२५१ | क्षे.का.पोखरा | अमरसिंहचोक |
| सहायक चौथो | प्रेम काजी शाक्य | ७८७६ | धुलिखेल | खानीखोला |
| सहायक पांचौ | माणिक रत्न शाक्य | ६६९४ | खानीखोला | नक्साल |
| सह लेखा अधिकृत | नरराज आचार्य | ९७९७ | टेकु | फिक्कल |
| सह लेखा अधिकृत | गोपाल कुमार राई | १०६०३ | फिक्कल | टेकु |
| सहायक पांचौ | उद्धव राज काफले | ७७७६ | पुल्चोक | रातामाटा |
| लेखा अधिकृत | दिनेश न्यौपाने | १११६७ | आ.ले.प.बिभाग | पुल्चोक |
| लेखा अधिकृत | शिव प्रसाद चालिसे | ११२२३ | त्रि.अ.वि | भोटाहिटी |
| लेखा अधिकृत | लक्ष्मी प्रसाद अधिकारी | ९७९५ | बालाजु | त्रि.अ.वि |
| सह लेखा अधिकृत | यादव प्रसाद मैनाली | ८८१० | सामान्य सेवा बिभाग | आ.ले.प.बिभाग |
| लेखा अधिकृत | ऋषभ भट्टराई | १११७६ | कर्जा बिभाग | बालाजु |
| सहायक चौथो | दिल वहादुर कार्की | ८९५७ | गौर | मैतिदेवी |
| लेखा अधिकृत | श्री किशोर चन्द खनाल | ९८१२ | गजुरी | क्षे.का.विराटनगर |
| सह लेखा अधिकृत | जगत वहादुर वानिया | ९२१० | क्षे.का.नेपालगंज | गुलरिया |
| लेखा अधिकृत | विश्व ज्ञवाली | १११८३ | गुलरिया | कर्जा बिभाग |
| सह लेखा अधिकृत | | ९६६२ | वित्त बिभाग | गजुरी |
| सह लेखा अधिकृत | राजेन्द्र महर्जन | १०१६५ | लुक्ला | तालिम तथा विकास बिभाग |
| सह लेखा अधिकृत | जुद्ध वहादुर जि.सी | ९६०९ | ब्रान्च अपरेशन बिभाग | लुक्ला |
| सहायक चौथो | चित्र वहादुर खड्का | ११४६७ | लुक्ला | सल्लेरी |
| सहायक पांचौ | धिरेन्द्र कुमार श्रेष्ठ | ९३३३ | सुनवल | परासी |
| सहायक चौथो | तोया नाथ रेग्मी | ११४९२ | धनकुट्टा | वैतडी |
| सह लेखा अधिकृत | रत्न वहादुर थापा | ८०२५ | दैलेख | सुर्खेत |
| नायव मुख्य अधिकृत | रुपक चन्द्र अमात्य | ९९७८ | व.तथा यो.म.शा. | व्रान्च अपरेशन बिभाग |
| सहायक पांचौ | पुष्प भट्टराई | ५४५३ | अ.शा.हि.मि.बिभाग | बजेट तथा यो.म.शाखा |
| चार्टड ए. | किरण खड्का | ११४८६ | मार्केटिंग बिभाग | व.तथा यो.म.शा. |
| का.मु. नायव मुख्य अधिकृत | राम शरण शर्मा वाग्ले | ६४११ | ठमेल | कर्जा बिभाग |
| लेखा अधिकृत | आनन्द सुवेदी | १११९८ | सानो ठिमी | ठमेल |
| लेखा अधिकृत | राधाकृष्ण भेटवाल | ९६०४ | सु.प्र.बिभाग | सानोठिमी |
| का.मु.स.ले.अ. | बाबु राम थापा | ९९४७ | नाम्चेबजार | सानो ठिमी |
| सह लेखा अधिकृत | देवनिधी पोखरेल | ८७८१ | अ.शा.हि.मी बिभाग | नाम्चेबजार |
| सह लेखा अधिकृत | फणिन्द्र थापा | ६४२९ | सानोठिमी | वित्त बिभाग |
| सह लेखा अधिकृत | रामकृष्ण गिरी | ९५२९ | टेकु | ठमेल |
| सहायक चौथो | जगदिश भट्टराई | २७२८ | नक्साल | थापाथली |
| सहायक पांचौ | ध्रुव राज पनेरु | ९८८० | क्षे.का.पोखरा | ताल्चोक |
| सहायक पांचौ | तुलसी प्रसाद भण्डारी | ९४१८ | वेनिवजार | ताल्चोक |
| सहायक पांचौ | सूर्य रमण पराजुली | १०५९५ | महेन्द्रपुल | ताल्चोक |
| सहायक पांचौ | शान्त कुमार श्रेष्ठ | ८३०६ | क्षे.का. पोखरा | पृथ्वीचोक |
| सहायक पांचौ | सुनिल कुमार गुरुंग | ९४५० | भैरहवा | श्यांजावजार |
| सहायक चौथो | हरिहर नाथ कर्ण | १०१८६ | भैरहवा | गुल्मी |
| सह लेखा अधिकृत | विजय कुमार उपाध्याय | ९३५५ | सुर्खेत | पाल्पा |
| सह लेखा अधिकृत | मित्र लाल नेपाली | ८८०९ | पाल्पा | रामपुर |
| सहायक पांचौ | श्रीमान गाहा | ९१५७ | पाल्पा | रामपुर |
| सहायक पांचौ | वसन्त प्रसाद श्रेष्ठ | ८६५६ | थापाथली | रामपुर |
| लेखा अधिकृत | ध्रुव प्रसाद अर्याल | १११७३ | क्षे.का. पोखरा | पार्दी |
| सहायक पांचौ | यदुनाथ ढकाल | ५१९९ | पृथ्वीचोक | पार्दी |
| नगद सहायक | शिव कुमार पौडेल | १०५९६ | कुश्मा | पार्दी |
| नगद सहायक | विरेन्द्र कुमार लाल कर्ण | ८०३० | गुल्मी | नक्साल |
| का.मु.स.ले.अ. | जगनाथ दास कथवनिया | ८३१० | सुखिपुर | हनुमाननगर |
| सहायक पांचौ | इन्द्र नारायण मण्डल | ९६६३ | सिरहा | हनुमाननगर |
| सहायक चौथो | माधव प्रसाद श्रेष्ठ | ६७०४ | ध्रमक | हनुमाननगर |
| सह लेखा अधिकृत | राम जुलुम यादव | ८७४३ | क्षे.का.विराटनगर | सुखिपुर |
| सहायक पांचौ | कृष्ण बहादुर पौडेल | ९४७० | मान्म | भुरिगाउं |
| सहायक पांचौ | सुख राम राना | ७९३० | लम्की | भुरिगाउं |
| सहायक पांचौ | भिम प्रकाश मल्ल | १०८३१ | गुलरिया | भुरिगाउं |
| सहायक पांचौ | भरतराज खत्री | ९०९३ | मन्थली | सुर्यबिनायक |
| सहायक पांचौ | केशव प्रसाद भट्ट | ४९४४ | क्षे.का.नेपालगंज | भजनी |
| सहायक पांचौ | जगत वहादुर ओली | ९४२५ | भजनी | लम्की |
| सह लेखा अधिकृत | वरुण वहादुर पाण्डे | ९९५० | कटरी | थापाथली |
| सह लेखा अधिकृत | मदन कुमार पौडेल | ९१५० | क्षे.का.विराटनगर | कटारी |

## विभागीय कारवाही

| सि.नं | पद | नाम | विषय | सम्वन्धित कार्यालय | भएको कारवाही |
|---|---|---|---|---|---|
| १ | सहायक चौथो | श्री सुपन राज अर्याल(९३६५) | शैक्षिक प्रमाण पत्र | हेटौंडा | नोकरीबाट वरखास्त |
| २ | सहायक चौथो | श्री रूद्र वहादुर ओली (९७८९) | शैक्षिक प्रमाण पत्र | तुल्सीपुर | नोकरीबाट वरखास्त |
| ३ | गणक - तह ४) | श्री माधव प्रसाद काफ्ले (९७१०) | शैक्षिक प्रमाण पत्र | बुटवल खस्यौंली | नोकरीबाट वरखास्त |

## अभिलेख

**सम्माननीय प्रधानमन्त्री डा.वावुराम भट्टराईले राष्ट्रिय वाणिज्य बैंक लि.को ४७ औं वार्षिकोत्सवको उपलक्षमा केन्द्रीय कार्यालय परिसरमा आयोजित वार्षिकोत्सव मूल समारोहमा प्रमुख अतिथिको हैसियतले दिनुभएको मन्तव्य**

**यस समारोहका सभापतिज्यू**
**मन्चमा आसीन महानुभावहरु**
**पत्रकार वन्धुहरु**
**राष्ट्रिय वाणिज्य बैंक सम्वध्द सम्पूर्ण महिला तथा सज्जन वृन्द**

प्रथमत मुलुककै ठूलो र दोश्रो पुरानो राष्ट्रिय वाणिज्य बैंकको ४७ औं वर्ष प्रवेशको उपलक्षमा बैंक परिवारलाई हार्दिक वधाई ज्ञापन गर्दै प्रमुख अतिथिको रूपमा आमन्त्रण गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

वास्तवमै पूर्ण सरकारी स्वामित्वमा संचालित यस बैंकसंग सरकार प्रमुखको नाताले मेरो भावनात्मक सम्वन्ध रहेको छ । यो आकर्षक भवनको आर्किटेक्चर डिजाईनजस्तै यो देशको सवल ,आर्थिक ,सामाजिक, सांस्कृतिक आधारको आर्किटेक्चर डिजाईन तथा निर्माण गर्ने उत्कट मनसाय , उपयुक्त कार्ययोजना र दृढ इच्छाशक्ति तथा प्रतिवध्दता आफूसंग रहेको भावना यतिबेला यहांहरूमाझ साट्न चाहन्छु । (मेरो बैंक व्यालेन्स छैन राख्ने बानी पनि छैन तर यस बैकको भोटाहिटी शाखामा एक डेढ हजारको मौज्दातमा मेरो खाता रहेको छ साथै अर्को सुखद संयोग के परेको छ यस बैंकको संचालक समितिका अध्यक्ष नरहरि ढकाल वि.सं.०२६ ०२७ ताका मैले पढाएका विद्यार्थी हुनुहुन्छ ।)

हामीहरू यतिबेला दशवर्षे सशस्त्र जनयुध्द र दोश्रो राष्ट्रिय जनआन्दोलनको ऐतिहासिक समयविन्दुले निर्दिष्ट गरेको शान्ति प्रकृयाको विट मार्ने तथा सयौंवर्षदेखि राजनैतिक ,आर्थिक ,सामाजिक, सांस्कृतिक थिचोमिचोमा परेका नेपालीको भाग्यरेखा सुनिश्चित गर्ने संघीय गणतन्त्रात्मक संविधान निर्माणको संक्रमणकालीन परिवेशबाट गुज्रिरहेका छौं । निश्चय पनि, संक्रमणकालीन संवेदनशीलताको कारणले हाम्रा ध्यान र प्रयास शान्ति र संविधानका दिशामा बढी केन्द्रित रहेका छन् ,तथापी शान्तिका हरेक पहललाई समृध्दिका आयामबाट अलग गर्न नसकिने विश्वव्यापी सत्यलाई आत्मसात गरी एनेकपा माओवादीको नेतृत्वमा बनेको वर्तमान सरकार आर्थिक मुध्दाहरूप्रति पनि उत्तिकै सचेष्ट रहेको व्यहोरा यस गरीमामय समारोहमा म स्पष्ट पार्न चाहन्छु ।

**उपस्थित भद्रजन**

नेपालको अन्तरिम संविधान ०६३ ले सार्वजनिक ,निजी र सहकारी क्षेत्रलाई अर्थतन्त्रको विकासका मुख्य आधारको रूपमा स्वीकारेको तथ्यलाई आत्मसात गरी वर्तमान सरकार तीनै क्षेत्रको समुचित विकास निम्ति प्रतिबध्द रहेको छ । यी तीन आधारस्तम्भलाई स्वीकार्नुको अर्थ कुनै एक क्षेत्रको भूमिका कम आंक्न खोजिएको भने होइन , तीनै क्षेत्रको समायोजित र संतुलित विकासबाट देश र जनताका आर्थिक, सामाजिक उत्थानका तीव्रतर चाहनालाई संबोधन गर्न सकिने नेपालको अन्तरिम संविधानले गरेको परिकल्पनालाई पछ्याउन खोजिएको हो । निजी क्षेत्र र सहकारी क्षेत्रमा सरकार सहजकर्ताको भूमिकामा सीमित हुने तर सार्वजनिक क्षेत्रबाट सरकारको मुहार सीधा प्रतिविम्वित हुने पृष्ठभूमिमा सार्वजनिक क्षेत्रको कार्यसम्पादनमा सरकारको विशेषः चासो रहनु स्वभाविक हो । यस पृष्ठभूमिमा निक्षेप, कार्यसंजाल लगायतका आधारमा देशकै ठूलो पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य बैंकको सुसंचालनमा सरकारको विशेषः चासो रहनु अस्वभाविक होईन , त्यसै चासोलाई संवोधनको क्रममा बैंकको सुधार निम्ति सक्षम र स्थिर व्यवस्थापनको आवश्यकतालाई पहिलो प्राथमिकतामा राखी सरकारद्वारा तद्अनुरूपको व्यवस्था मिलाईसकिएको छ । राष्ट्रिय वाणिज्य बैंकलाई व्यवसायिक संस्थाको रूपमा विकसित गर्दै लैजाने सरकारको चाहना अनुरूप अनुभवी व्यक्तिहरू सम्मिलित संचालक समिति र खुल्ला प्रतिष्पर्धाबाट व्यवस्थापक चयन भएको छ। अब इतिहासले राष्ट्रिय वाणिज्य बैंकको कांधमा गहनतम जिम्मेवारी सुम्पेको र सरकारले यस बैंकका हरेक गतिविधिलाई सुक्ष्मतर ढंगले नियाल्ने व्यहोरा सम्वद्ध सबैलाई स्मरण गराउन चाहन्छु ।

वर्तमान सरकारले ४ स अर्थात शान्ति ,संविधान ,सुशासन र सम्वृद्धिलाई आफनो मूल कार्यभार बनाएको छ । यस क्रममा देशमा उच्च आर्थिक बृध्दि कायम गर्ने,उत्पादनमूलक रोजगारीका अवसर सृजना गर्ने, वित्तीय समावेशिता मार्फत देशका गरीव, विपन्न जनतालाई विकासको मूल प्रवाहमा ल्याउने तथा देशका सम्पूर्ण जनताको मुहारमा प्रतिविम्वित हुने सम्वृध्दि हासिल गर्ने महान उध्देश्य प्राप्ती निम्ति सततः चिन्तनशील र प्रयत्नशील रहेको छ। यस क्रममा सरकारले छिटै आर्थिक वृध्दि र सुशासनका कार्यक्रम ल्याउदैछ । यस परिप्रेक्षमा सरकारका चाहनाहरू साकार पार्न सरकारी स्वामित्वको बैंकले खेल्ने भूमिका आफैमा महत्वपूर्ण रहन्छ। आज देशबाट लाखौं युवाहरू रोजगारी निम्ति विदेश पलायन हुनुपरेको अवस्था छ । वैदेशिक रोजगारीबाट उल्लेख्य रकम भित्रिएपनि अत्यधिक उपभोगमै खर्चिने स्थिति एकातर्फ छ भने अर्कोतर्फ यसबाट देशको दिगो आर्थिक ,सामाजिक ,सांस्कृतिक विकासमा दुरगामी दुष्परिणामका परिदृश्यहरू देखिंदैछन् । यसले स्वदेशी श्रम, स्वदेशी पूंजी, र स्वदेशी कच्चपदार्थमा आधारित आन्तरिक मागको आपूर्तिका साथै निर्यात प्रवर्ध्दन गर्ने वस्तु/सेवाको उत्पादनमा हाम्रो ध्यान जानैपर्ने आवश्यकता तड्कारो रूपमा देखिएको छ । न्यून वचत, न्यून लगानी,न्यून उत्पादन र न्यून रोजगारी रहेको वर्तमान आर्थिक चक्रमा वैदेशिक रेमिटान्स बढी उत्पादनमुखी हुनुपर्नेमा उपभोगमुखी हुन पुगी घटदो निर्यात र आयात आधारित राजस्वका जटिलताहरूबाट नेपालको अर्थतन्त्र फस्टाउन नसकेको यथार्थको आलोकमा देशकै ठूलो र पूर्ण सरकारी बैंकको भूमिका अर्थपूर्ण रहने सन्दर्भमा तपाईहरूको कांधमा इतिहासले गुरूत्तर जिम्मेवारी सुम्पेको छ । ग्रामीण क्षेत्रबाट निक्षेप संकलन गर्ने तर कर्जा प्रवाह सहरमामात्र गर्ने, निम्न तथा मध्यम वर्गबाट सानो सानो निक्षेप संकलन गर्ने तर सम्पन्न वर्गलाई ठूला ठूला कर्जा प्रवाह गर्ने हाम्रो विगतको बैकिंग अभ्यासले सामाजिक न्याय त सुनिश्चित भएन नै सानो सुन्दर हुन्छ भन्ने मान्यता पनि अंगाल्न सकेन,यसबाट एकातिर गाउं सहरवीच रहेको विभेद झयांगिने अर्कोतर्फ ठूला कर्जाहरू डिफल्ट भई बैंक समस्यामा पर्ने पृष्ठभूमिमा कृषि,साना तथा मझौला उद्यममा कर्जा प्रवाह गर्नु बैंक र अर्थतन्त्र दुवैको निम्ति श्रेयष्कर हुने कुरामा शंका छैन । सरकारले स्वदेशी विदेशी लगानी बढाउने महत्वाकांक्षी योजना अघि सारिरहेको सन २०१२ १३ लाई लगानी वर्षको रूपमा मनाउने निधो गरेको यस कालखण्डमा सबै क्षेत्रमा बैंकिंग पहुंच पुरयाउन र स्वदेशी लगानी बढाउन रावाबैंकको विशेषः पहल र भूमिका हुनु पर्दछ । यस अवसरमा देशका ग्रामीण गरीव विपन्न जनतालाई उत्पादन ,रोजगारी आय अभिवृध्दिमा संलग्न गराउने कृषि , पर्यटन तथा जलश्रोतमा आधारित लघु उद्यम परियोजनाको प्रारूप तयार गरी तत्काल कार्यान्वयनमा लैजान राष्ट्रिय वाणिज्य बैकलाई विशेषः आग्रह गर्दछु । यस निम्ति हाम्रो विपन्नताको प्रमुख कारकको रूपमा रहेको उद्यमशीलता प्रवर्ध्दन गर्न सरकारले देशको शिक्षा नीतिमा परिमार्जनका साथै हरेक गाउंमा रहेका संभावनाको दोहन निम्ति उद्यम विकास केन्द्रहरू खोल्नेबारेको सोंचलाई छिटै मूर्तरूप दिने प्रयास तत्काल थालनी गर्नेछ ।

कुनै पनि संस्था जन्मनु र जीवित रहनु त्यस संस्था सम्वध्द हरेकको निम्ति स्वभाविक रूपमा गौरवको कुरा हो । यस अर्थमा राष्ट्रिय वाणिज्य बैंक वधाईको पात्र छ नै । तर फगत जीवित रहनुको कुनै अर्थ रहंदैन , कुनै पनि संस्थाको वास्तविक उमेर वर्षमा होईन त्यसको कर्ममा गणना हुन्छ । राष्ट्रिय वाणिज्य बैंक आफूमात्र जीवित रहेर हुंदैन ,जसरी हरेक कोठामा सूर्यको प्रकाश आउने गरि यस भवनको डिजाईन गरिएको छ त्यसरी नै यसका बैकिंग क्रियाकलापको प्रत्यावर्तन हरेक नेपालीको चुल्हो चौकोमा पुग्न सक्यो भनेमात्र नेपालको अर्थतन्त्रमा यस बैंकको सार्थकता झल्किने छ । देशको अर्थतन्त्रमा यस बैंकले आज सम्म खेलेको भूमिका र आगामी दिनमा यसले खेल्न सक्ने भूमिकाबाट सरकार जानकार छ । म ४७ औ वर्ष प्रवेशको अवसरमा, राष्ट्रिय वाणिज्य बैंकबाट राष्ट्रले अपेक्षा गरेको यस गहनतम भूमिका निर्वाहमा बैंकको सफलताको सुनिश्चितता निम्ति यस बैंकको पूंजीगत अवस्थामा सुधार लगायतका विषयमा सरकारको तर्फबाट हरसम्भव प्रयास गरिने प्रतिवध्दता दोहराउंछु । अन्तमा आगामी दिनमा राष्ट्रिय अर्थतन्त्रको सुदृढिकरणमा यस बैंकले थप प्रभावकारी भूमिका निर्वाह गर्न सकोस् भन्ने हार्दिक शुभेच्छासहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

०६८ माघ १० ,काठमाडौं

**(श्रव्य अभिलेख मिननारायण श्रेष्ठ)**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ४७ औं बार्षिकोत्सवको उपलक्ष्यमा २०६८ माघ १० गते आयोजित मूल समारोहमा सभापतिको हैसियतले बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालद्वारा प्रस्तुत मन्तव्य

यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यू,
बिशेष अतिथि माननीय अर्थ मन्त्री श्री वर्षमान पुनज्यू,
अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा.युवराज खतिवडाज्यू,
अतिथि प्रमुख आर्थिक सल्लाहकार डा.श्रीराम पौडेलज्यू,
नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री गोपाल प्रसाद काफ्लेज्यू,
नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीज्यू,
राष्ट्रिय वाणिज्य बैंकका संचालकहरु श्री शान्तराज सुवेदीज्यू, श्री बिष्णुदास डंगोलज्यू, श्री पितृ भक्त पोखरेलज्यू, श्री बाल चन्द्र श्रेष्ठज्यू, श्री लक्ष्मण न्यौपानेज्यू, र श्रीमती शिवा देवी काफ्लेज्यू,
प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद शर्माज्यू,
नायव महाप्रवन्धक श्री ज्योतिचन्द्र ओझाज्यू,
राष्ट्रिय वाणिज्य बैंकका विभिन्न कर्मचारी संघ / संगठनका पदाधिकारीज्यूहरु,
पत्रकार मित्रहरु,
उपस्थित राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी मित्रहरु एवं
उपस्थित सम्पूर्ण महिला तथा सज्जन वृन्द

प्रथमतः आफ्नो कार्य व्यस्तताको वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस बैंकको ४७ औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा उपस्थित भई यस कार्यक्रमलाई सफलपारि दिनु भएकोमा समस्त राष्ट्रिय वाणिज्य बैंक परिवार र मेरा व्यक्तिगत तर्फबाट यहांहरु सबैलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

२५% भन्दा बढि जनता निरपेक्ष गरिविको रेखामुनि रहेको, शैक्षिक र अन्य वेरोजगारि (२% भन्दा बढि) र ग्रामिण क्षेत्रमा अर्ध वेरोजगारि (५0% भन्दा बढि, वहुसंख्यक युवाहरु रोजगारिको खोजीमा विदेश पलायन भएको वा हुने क्रममा रहेको, ६५% भन्दा बढि जनताहरु बित्तिय सेवाबाट वन्चित रहेको, साना एवं मझौला उद्यमीहरुलाई वित्तिय सेवा प्रवाह गर्ने विशेष वित्तिय संस्थाहरुको सकृय कृयाशिलता नभएको र वित्तिय सेवा प्रदायकको उपस्थिति शहरी क्षेत्रहरु एवं यातायातको सुविधा पुगेका क्षेत्रहरुमा केन्द्रित रहेको वर्तमान वास्तविकताको सन्दर्भमा प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यूहरु, लगायत अन्य पुर्व वक्ता महानुभावहरुले व्यक्त गर्नु भएको शुभकामना मन्तव्यबाट सरकारको स्वामित्वमा रहेको यस बैंकबाट राज्यले ठूलो अपेक्षा राखेको कुरा स्पष्ट हुन्छ। यसै सन्दर्भमा राज्यको स्वामित्वमा भएका बैंकको नाताले राष्ट्रिय वाणिज्य बैंकले राज्यको घोषित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सशक्त भूमिका खेल्ने प्रतिवद्धता व्यक्त गर्दै यसको लागि बैंकले आउंदा दिनहरुमा लिने रणनीति र कार्यनितिहरु संक्षिप्त रुपमा यहांहरु समक्ष राख्ने अनुमति चाहन्छु। हामी सबैलाई थाहा भएको कुरा हो कि दीगो रुपमा गरिवि निवारणको लागि रोजगारि श्रृजना हुनु पर्छ र हामीसंग रोजगारि श्रृजना गर्न ज्यालादारी रोजगारी र स्वरोजगारी गरि दुईवटा मात्र विकल्पहरु विद्यमान छन । ज्यालादारि रोजगारीको लागि निश्चित शैक्षिक योग्यता र सिपको आवश्यकता पर्नुको साथै औपचारिक क्षेत्रको विकास हुनु पर्दछ भने अनौपचारिक क्षेत्रको वाहुल्यता भएको हाम्रो अर्थतन्त्रमा स्वरोजगारी श्रृजना गर्ने प्रशस्त अवसरहरु छन । तसर्थ स्वरोजगारीको अवसर मार्फत रोजगारीका अवसर श्रृजना गर्नु नै हाम्रो सामु रहेको गरिबि निवारण र

जिविकोपार्जन सुधार गर्न भरपर्दो खर्च र समय प्रभावकारी विकल्प हो । यस कुरामा यहांहरु सहमत हुनु हुन्छ भन्ने मलाई लागेको छ । सरकारले ल्याएको युवा स्वरोजगार कार्यक्रम यसको ज्वलन्त उदाहरण हो । तर स्वरोजगार श्रृजना गर्ने कार्य भन्न जति सजिलो छ कार्यान्वयन गर्न त्यति जटिल छ । कुनै पनि व्यक्ति स्वरोजगार हुन उद्यमशिलता विकासको खांचो पर्दछ । उद्यमशिलता विभिन्न ( लघु, साना, मझौला र ठूला ) स्तरका हुन्छन र उद्यमशिलता विकास गर्नको लागि विभिन्न किसिमका सेवाहरुको आवश्ययकता पर्दछ जसलाई वित्तिय एवं गैर वित्तिय सेवा ( तालिम, सिप, कच्चा पदार्थ, बजार, प्राविधिक सेवा ) गरि दुई भागमा बांडन सकिन्छ । गरिव तथा विपन्न वर्गले सस्तो वित्तिय सेवा भन्दा सरल, झन्झटरहित र न्यून कारोवार खर्च लाग्ने खालको बित्तिय सेवाको चाहना राख्ने कुरा विभिन्न अध्ययन / अनुसन्धानले देखाएको सन्दर्भमा यस कुरालाई मनन गरि आउंदा दिनहरुमा राष्ट्रिय वाणिज्य बैंकले समावेशि वित्तिय सेवाको पहुंच अभिबृद्धि मार्फत उद्यमशिलताको विकास गर्ने तर्फ आफ्ना कृयाकलापहरु केन्द्रित गर्नु पर्ने हामीले महसुस गरेका छौं । यसको लागि बैंकले प्रत्यक्ष रुपमा ग्रामिण क्षेत्रमा रहेका शाखाहरु एवं शाखा रहित बैकिंग सेवा मार्फत र अप्रत्यक्ष रुपमा लघुवित्त संस्था, वित्तिय मध्यस्थकर्ता गैर सरकारी संस्थाहरु, वचत ऋण सहकारी संस्था र वचत ऋण समुहसंगको सहकार्यमा बित्तिय सेवा प्रवाह गर्ने नीति लिने कुरा यहांहरुलाई जानकारी गराउंछु ।

अर्ध वेरोजगारीको समस्या ग्रामिण कृषकहरुमा केन्द्रित रहेको र यसको समाधान गर्नको लागि कृषिमा सघनता, रुपान्तरण र व्यवसायिकरण आउनु अनिवार्य आवश्यकता भएको यथार्थतालाई मध्यनजर राखि आउंदा दिनहरुमा राष्ट्रि वाणिज्य बैंकले ग्रामिण वित्त सेवा प्रवाह गर्ने रणनीति अवलम्वन गर्न योजना रहेको छ । वहुसंख्यक युवाहरु रोजगारिको खोजीमा विदेश पलायन भएको वा हुने क्रममा रहेको यथार्थतालाई तत्काल रोक्न नसकिने भए तापनि यसमा देखिएका विकृतिहरु कम गर्न र बिप्रेषणबाट प्राप्त आम्दानीलाई बढि उत्पादनमुलक बनाउन राष्ट्रिय वाणिज्य बैंकले ठूलो र सशक्त भूमिका खेल्न सक्ने हामीलाई लागेको छ । यसको लागि हाल बैंकले विप्रेषणमा आधारित लगानी सेवा (वैदेशिक रोजगारी सेवा, वैदेशिक रोजगारि ऋण,विप्रेषण सेवा, विप्रेषणको उत्पादनुमूलक उपयोग जस्तै वचत, ऋण, उद्यमशिलता आदि सेवा ) प्रवाह गर्ने रणनीति अवलम्वन गर्ने सोच राखेको छ । यसको लागि हाल बैंकले सेवा प्रवाह पद्धति ( प्रत्यक्ष वा अप्रत्यक्ष ) को विकास, र अन्य मुलुकका सफल अनुभवलाई समेत मध्य नजर राखि यस सम्वन्धि संम्भाव्यता अध्ययन गरिरहेको छ । बैंकले तयार गर्ने यस सम्वन्धि संभाव्यता अध्ययन प्रतिवेदन सम्वन्धित निकायमा छलफलको लागि पेश गरि आवश्यक स्विकृति लिई निकट भविष्यमा नै कार्यान्वयनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौं । हाम्रो यस किसिमको प्रयासले वैदेशिक रोजगारिमा देखिएका विकृति / विसंगति कम गर्न सघाउ पुरयाउने छ भन्ने आशा लिएको छौं ।

६५% भन्दा बढी जनताहरु बित्तिय सेवाको पहुंचबाट वन्चित रहेको र वित्तिय सेवा प्रदायकको उपस्थिति शहरी क्षेत्रहरु र यातायातको सुविधा पुगेका क्षेत्रहरुमा केन्द्रित रहेको सन्दर्भमा राष्ट्रिय वाणिज्य बैंक मात्रको प्रयासले यो कुरा सम्भव होला जस्तो मलाई लाग्दैन । यसको लागि सरकारको स्वामित्वमा रहेका तिनवटा वाणिज्य बैंकहरु ( राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास वैंक र नेपाल वैंक लि.) को विचको समन्वय र सहकार्यको आवश्यकता पर्ने कुरा यहांहरुलाई जानकारी गराउंछु । यसको सन्दर्भमा आज भन्दा झन्डै तीन वर्ष पहिले आजका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू अर्थमन्त्री हुंदा तत्कालिन राष्ट्रिय वाणिज्य बैंकको अध्यक्ष तथा यस समारोहका अतिथि हालका अर्थ सचिवज्युको नेतृत्वमा यि तिनवटा बैंकहरु विचमा हुनुपर्ने समन्वय र सहकार्यको क्षेत्र पहिचान गर्ने कार्य शुरु गरिएको कुरा स्मरण गराउंछु । सो कार्य केहि समय रोकिएकोमा सो कार्यलाई निरन्तरता दिई यस क्षेत्रमा ठोस उपलब्धि हासिल गर्न नेतृत्वदायि भूमिका खेल्न राष्ट्रिय वाणिज्य बैंक तयार रहेको प्रतिवद्धता प्रकट गर्दछौं । यस किसिमको प्रयासले दीर्घकालिन रुपमा बित्तिय सेवाको पहुंच अभिबृद्धि गर्न ठोस आधार खडा गर्ने र यसलाई कार्यान्वयनमा ल्याउन केही समय लाग्ने भएको हुंदा तत्कालको लागि बैंकले शाखाहरुको पुनस्थापना र शाखा रहित बैकिंग सेवा ( SMS Banking Internet Banking, Agent Banking ) मार्फत राज्यको वित्तिय सेवाको दायरा ( Frontier ) पराकिलो पार्ने लक्ष्य हासिल गर्न सघाउने रणनीति अवलम्वन गर्ने छ ।

लघु उद्यमिको लागि वित्तिय सेवा प्रवाह गर्न लघुवित्त संस्थाहरु र ठूला उद्यमीको लागि वित्तिय सेवा प्रवाह गर्न बाणिज्य बैंकहरु, विकास बैंकहरु र वित्त कम्पनिहरु कृयाशिल रहेको तर ग्रामिण क्षेत्रमा रहेका साना एवं मझौला उद्यमिहरुलाई वित्तिय सेवा प्रवाह गर्ने विशेष वित्तिय संस्थाहरुको सकृय कृयाशिलता नभएको आजको यथार्थ हो । लघु, साना एवं मझौला उद्योगको व्यापकताको अभावमा औद्योगिक क्रान्ति संभव नहुने र यस्ता उद्योगले नै ठूला उद्योगको विकासको आधारशिला तयार गर्ने हुंदा साना एवं मझौला उद्यमिलाई वित्तिय सेवा प्रवाह गर्न सरकारको स्वामित्वमा रहेका तिनवटै वाणिज्य बैंकहरुले विशेष पहल गर्नुपर्ने हामीले महसुस गरेका छौं । वृहत शाखा संजाल भएको कारण राष्ट्रिय वाणिज्य बैंक लगायत कृषि विकास बैंक र नेपाल वैंक लि. को तुलनात्मक लाभको क्षेत्र भनेको साना एवं मझौला उद्यमीलाई वित्तिय सेवा प्रवाह गर्नमा रहेको हुंदा राष्ट्रिय वाणिय बैंकले निकट भविष्यमा नै यसको शुरुवात लघुवित्त संस्थाहरुबाट स्तर उन्नति भएका ग्राहकबाट गर्ने रणनीति अवलम्वन गर्ने जानकारी गराउछौं ।

राष्ट्रिय वाणिज्य बैंकले आउंदा दिनहरुमा लिने माथि उल्लेख गरिएका रणनीतिहरुले मुलुकले लिएको समावेशी वित्तिय सेवा अभिबृद्धिको उद्देश्य हासिल गर्न मद्धत गर्नुको साथै गरिवि निवारण गर्न, विद्यमान वेराजगारि र अर्ध वेरोजगारिको समस्या समाधान गर्ने, वैदेशिक रोजगारिमा देखिएका विकृति / विसंगति कम गर्न, विप्रेषणको उत्पादनशिल उपयोग बढाउन, वित्तिय सेवाको पहुंच बढाउन, साना एवं मझौला उद्यमीहरुलाई वित्तिय सेवा प्रवाह सुनिश्चित गर्न र दुर्गम एवं पहाडी क्षेत्रमा वित्तिय सेवा विस्तार गरि मुलुकको आर्थिक विकास गर्ने आधारशिला तयार गर्न सघाउ पुरयाउने छ भन्ने हामीले आशा लिएका छौं । माथि उल्लेख गरेका रणनीतिको कार्यान्वयन गर्नको लागि सुहाउंदो नीति एवं नियमन वातावरण हुनु अति आवश्यक हुने यहांहरुलाई विदितै छ । यस सन्दर्भमा विगतमा बैंकले भोग्नु परेका विविध समस्याका कारण बैंकको पुंजीकोष ऋणात्मक हुन गएको र यसमा सुधार नभएमा कतिपय यी रणनीति कार्यान्वयन गर्न नीतिगत एवं कानूनी व्यवधान आउने कुरा यहांहरुलाई जानकारी गराउदै बैंकको पुंजीकोष धनात्मक बनाउन हामीले तयार गरेको पुंजी योजना कार्यान्वयनमा सरकारबाट सहयोग प्राप्त हुने आशा राखेका छौं । यसो हुन सकेमा हामीले माथी प्रस्तुत गरेका नीति एवं रणनीति कार्यान्वयन गर्न सहज हुने कुरा सहश्र जानकारी गराउंछु ।

अन्तमा: यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, बिशेष अतिथिहरु माननीय अर्थ मन्त्रीज्यू, अतिथिहरु नेपाल राष्ट्र बैंकका गभर्नरज्यू, प्रमुख आर्थिक सल्लाहकारज्यू, नेपाल राष्ट्र बैंकका डेपटी गभर्नरज्यूहरु राष्ट्रिय वाणिज्य बैंकका संचालकहरुज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, नायव महाप्रवन्धकज्यू, राष्ट्रिय वाणिज्य बैंकका विभिन्न कर्मचारी संघ / संगठनका अध्यक्षज्यूहरु, पत्रकार मित्रहरु, उपस्थित राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी मित्रहरु एवं उपस्थित सम्पूर्ण महिला तथा सज्जन वृन्दलाई यहांहरुको गरिमामय उपस्थितिको लागि पुन: एक पटक धन्यवाद दिदै यो कार्यक्रम यहीं समाप्त भएको घोषणा गर्दछु ।

धन्यवाद ।

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ४७ औं बार्षिकोत्सवको उपलक्ष्यमा २०६८ माघ १० गते आयोजित मूल समारोहमा प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माद्वारा प्रस्तुत स्वागत मन्तव्य**

यस समारोहका सभापति राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष श्री नरहरि ढकालज्यू
प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यू
विशेष अतिथि माननीय अर्थमन्त्री वर्षमान पुन अनन्तज्यू
अतिथि प्रमुख आर्थिक सल्लाहकार डा. श्रीराम पौडेलज्यू
अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाज्यू
नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्लेज्यू र महाप्रसाद अधिकारीज्यू
नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक भाष्करमणि ज्ञवालीज्यू
बैंक तथा वित्तीय संस्थाका कार्यकारी प्रमुखज्यूहरु
राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यज्यूहरु
यस बैंकमा कार्यरत तीनवटै कर्मचारी संघका प्रतिनिधिहरु
बैंकका बहालवाला तथा भूतपूर्व कर्मचारीहरु
पत्रकार बन्धुहरु
हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु हुने सम्पूर्ण अतिथि महानुभावहरु

हामी २०२२ साल माघ १० गते स्थापित भई आज ४७औं वर्ष प्रवेश गर्दैछौं । सर्वप्रथम आजको यो सुखद उपलक्ष्यमा हाम्रो आमन्त्रणलाई अत्यन्त प्राथमिकता दिदै हामी माझ उपस्थित हुनु भएका सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यू, माननीय अर्थमन्त्रीज्यू, माननीय अर्थराज्यमन्त्रीज्यू, गभर्नरज्यू र अन्य अतिथिज्यूहरु लगायत समारोहमा उपस्थित सबै भद्र तथा महिलाजनहरुलाई राष्ट्रिय वाणिज्य बैंकको यो प्राङ्गणमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु । आजको यस विशेष अवसरमा राष्ट्रिय वाणिज्य बैंकलाई आजको अवस्थासम्म ल्याउन मद्दत पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, हाम्रा समस्त ग्राहक वर्गहरु, संचार जगत लगायतका तमाम शुभचिन्तकहरु प्रति हार्दिक आभार समेत व्यक्त गर्दछु । सम्पूर्ण नेपालीहरु माझ आफ्नै बैंकको रुपमा स्थापित हुँदै आएको यस बैंक विभिन्न आरोह अवरोह पार गर्दै अघि बढिरहेको छ । बैंकको कारोवारको वारेमा चर्चा गर्दा हालको निक्षेप रु. ७५ अरव, कर्जा ३६ अरव र

लगानी १९ अरव रहेको छ। शहरी र ग्रामीण दुवै क्षेत्र समेटने यसका १३४ वटा शाखा कार्यालयहरु छन् र यि सबै शाखा कार्यालहयरुबाट Online सेवा प्रदान हुँदै आएको छ। पुरानो भाखा नाघेको कर्जा १०.६८ प्रतिशतमा झार्न सफल भएको छ भने नयाँ कर्जामा भाखा नाघेको कर्जा अत्यन्त न्यून रहेको छ। करिव २६०० कर्मचारी रहेको यस बैंकले आफ्नो कर्जा व्यवस्थापन उचित ढङ्गले गर्दै आएका कारण तरलता र रियलस्टेट कर्जामा ठूलो समस्या छैन।

६४ जिल्लाका १३४ वटै शाखा कार्यालयहरु कम्प्यूटरकृत भईसकेका कारण ATM, Mobile Banking, SMS तथा e-banking सेवा पनि क्रमिक रुपमा विस्तार गर्दै लगिएको छ। राष्ट्रिय वाणिज्य बैंकको समग्र सुधारलाई गति दिई बैंकलाई अझै सुदृढिकरण गर्ने सन्दर्भमा बैंकले हालै चार वर्षे कार्य योजना स्वीकृत गरेको छ। जसमा अवको ४ वर्षमा बैंक कुन अवस्थामा पुग्दछ भन्ने स्पष्ट खाका कोरिएको छ। उक्त ४ वर्षे कार्य योजनामा भाखा नाघेको कर्जा २ प्रतिशत भन्दा तल झार्ने, ऋणात्मक पूँजीकोषलाई सकारात्मक अर्थात् पूंजी पर्याप्ततामा पुऱ्याउने, वर्तमान निक्षेपमा ५० प्रतिशत र कर्जामा ६६ प्रतिशतले बृद्धि गरी वार्षिक २ अरवले मुनाफा सुनिश्चित गर्ने, बैंकको पहुँचमा विस्तार गर्ने, कर्मचारी उत्पादकत्वमा करिव ६० प्रतिशतले बृद्धि ल्याउने लगायतका लक्ष्यहरु समेटिएका छन्। प्रस्तावित सूचकाङ्कको प्राप्ती निम्ति आवश्यक कार्यनीति अवलम्वन गरी अवको ४ वर्षमा राष्ट्रिय वाणिज्य बैंकलाई एक स्वस्थ, प्रतिस्पर्धी र अग्रणी बैंकको रुपमा स्थापित गराउने उद्देश्य राखिएको छ। यी उद्देश्य पूरा गर्न बैंकको व्यवस्थापन लगायत यहाँका सबै कर्मचारीहरुले अथक प्रयास गर्ने नै छन् साथै नेपाल सरकार, नेपाल राष्ट्र बैंक र हाम्रा समस्त ग्राहक वर्गबाट पनि आशातीत सहयोग प्राप्त हुने नै छ भन्ने विश्वास लिएका छौं। यी प्रयासबाट बैंकको सुधार बैंकभित्रकै कर्मचारीहरुले गर्न सक्दछन्, सुधार निम्ति वाहय निर्भरताभन्दा आन्तरिक सक्षमता तथा कियाशीलता बढी फलदायी र लागत प्रभावकारी हुन्छ भन्ने सरोकारवालाहरुले लिनुभएको मान्यता र अवलम्वन गर्नुभएको रणनीतिको सफल कार्यान्वयन हुने विश्वास दिलाउन चाहन्छौं।

दक्ष र योग्य मानव संशाधनको उपयुक्त आकारले बैंकको सफल कार्यदिशा निर्धारण गर्ने पृष्ठभूमिमा त्यस दिशामा यस बैंकको विशेष पहल हुनेछ। यस निम्ति पुराना कर्मचारीको शिप र क्षमतामा अभिवृद्धि गर्दै जानुको साथ साथै आधुनिक शिक्षा र प्रविधिमा दखल राख्ने नयाँ कर्मचारीको नियमित भर्नाबाट अनुभवी र नविनतम सोचको उपयुक्त मिश्रणसहितको जनशक्ति विकासमा बैंकले जोड दिनेछ। बैंकको श्रोत र साधनले भ्याएसम्म कर्मचारीहरुका सेवा सुविधा बजार सुहाँउदो बनाउन प्रयत्नशील रहनुको साथै बैंक भित्र कार्यरत ट्रेड युनियनहरुले अपनाएको व्यवसायिक र रचनात्मक सोचको कदर गर्दै उनीहरुकै सहभागितामा बैंक सुधार अघि बढाइनेछ। बैंक भित्रका ट्रेड युनियनहरु र व्यवस्थापनवीच रही आएको सुमधुर सम्वन्धलाई अझ प्रगाढ बनाउँदै लगिनेछ।

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

पूर्ण सरकारी स्वामित्वको एक मात्र बैंक हुनु र नेपालमा बैंकिङ्ग पद्धतिको विकास र विस्तारमा लामो समयदेखि महत्वपूर्ण भूमिका खेलेको बैंक भएको नाताले पनि नेपाल सरकार र आम जनताले यसको काम कारवाही समावेशी र जनकेन्द्रित होस् भन्ने चाहना राखेको पाइन्छ। यस क्रममा यस बैंकका प्रमुख सरोकारवालाबाट ग्रामीण क्षेत्रको विकास र उत्पादनशील क्षेत्रमा बैंकको सकृय सहभागीताको अपेक्षा गरिदैं आइएको छ। यस बैंकका प्रमुख सरोकारवालाको अपेक्षा पूरा गर्ने प्रयास थालनी निम्ति हालै बैंकले केही विशेष कार्यक्रमहरु स्वीकृत समेत गरेको व्यहोरा यस गरीमामय समारोहमा जानकारी गराउन चाहन्छु। जस अन्तरगत :

१) नेपालमा मिर्गौलाको रोगको प्रकोप बढ्दै गई रहेको सन्दर्भमा यसको प्रकोप न्यून गर्न देशको ठूलो वित्तीय संस्थाबाट केही न केही योगदान पुऱ्याउने उद्देश्यले मिर्गौला रोग र यसको व्यवस्थापनको लागि "राष्ट्रिय वाणिज्य बैंक मिर्गौला कोष" (RBB Kidney Fund) नामक एक कोष स्थापना गरी उक्त कोषमा रु. १० लाख जम्मा गरिएको छ। यो कोष विस्तारको लागि विभिन्न शाखा कार्यालयहरुमा सहायता बक्स (Donation Box) राख्ने लगायतका विभिन्न कोष अभिवृद्धि (Fund Raising) कार्यक्रम संचालन गरिने छ। यो कोषको रकमबाट नेपालमा मिर्गौला रोगको प्रकोप, यसका कारण र असर, पूर्व सावधानीका प्रकृयाहरु आदिका वारेमा जन चेतनामूलक कार्यक्रम संचालन गर्ने, अध्ययन अनुसन्धान गर्ने लगायत मिर्गौला रोग उपचार केन्द्रहरुको स्थापना तथा विस्तारमा सहयोग पुऱ्याईने छ।

२) नेपालका कृषकहरुलाई व्यवसायिक कृषि तथा पशुपालन तर्फ उत्पेरित गर्न तथा ग्रामिण कृषिलाई क्रमश: व्यवसायिकतातर्फ अभिप्रेरित गर्न व्यवसायिक कृषि ऋण कार्यक्रम संचालन गर्ने र यसबाट सम्भावनाका क्षेत्रहरु पहिचान गरी सम्वन्धित सरकारी निकाय, निजी क्षेत्र, कृषक र बैंक समेतको सहभागितामा व्यवसायिकतामूलक कृषि परियोजनाको नमुना तयार गरी लगानी विस्तार गरिने छ। यसबाट पशु पालन, माछा पालन, मौरी पालन, नगदेवाली, कृषि प्रशोधन उद्योग, कृषि उपज बेच बिखन आदिमा सम्भाव्यता र सुरक्षणका आधारमा लगानी विस्तार गरिनेछ। यस कार्यक्रमलाई "व्यवसायिक कृषि कार्यक्रम" मार्फत संचालन गरिनेछ। यस अन्तरगत नविकरणीय उर्जा र जैविक विविधतामा आधारित उद्योग व्यवसायका साथै कृषिलाई प्रवर्द्धन गरी हरित बैंकिङ्गको अवधारणालाई अघि बढाइने छ।

३) बैंकका विभिन्न ग्रामीण शाखाहरुले संकलन गरेको श्रोत शहर तिर पलायन भईरहेको वर्तमान अवस्थामा सुधार ल्याउन श्रोत संकलन भएकै क्षेत्रमा श्रोतको उपभोग हुन सक्ने सम्भावनाहरुको खोजी गरी स्थानीय लगानीलाई अभिप्रेरित गर्ने नमुना तयार गर्ने। यस अन्तरगत यस बैंकका ग्रामिण शाखा कार्यालयलाई आत्मनिर्भर बनाउनुका साथै ग्रामिण रोजगारीमा बृद्धि गरी ग्रामिण अर्थतन्त्रलाई कृयाशिल बनाउन ग्रामिण कृषि तथा लघु वित्त कार्यक्रम संचालन गरिनेछ। जस अन्तरगत लघु वित्तलाई संस्थागत एवं वित्तीय मध्यस्थकर्ता मार्फत लगानी विस्तार गरिनेछ। यसको लागि प्रारम्भिक चरणमा यस बैंकका ३० शाखा कार्यालयबाट कार्यक्रम शुरु गरिनेछ।

४) नेपाली समाजको रुपान्तरणको प्रमुख भुमिका निर्वाह गर्ने विद्यालय शिक्षकहरुको संख्या लाखौंमा छ। यि शिक्षकहरुको परिश्रम र योगदानको कदर गर्दै शिक्षकहरुलाई वित्तीय सेवाको सरल पहुच दिन हाम्रो बैंकले "शिक्षक बचत खाता" र "शिक्षक उपभोग कर्जा" कार्यक्रम ल्याएको छ यस अन्तरगत नेपाल सरकारका स्थायी शिक्षिकाहरुलाई ३ वर्षको तलव बराबरको रकम सरल व्याजदमा कर्जा प्रदान गरिनेछ। यसबाट करिव २ लाख शिक्षक। शिक्षिका लाभान्वित हुने अनुमान गरिएको छ।

५) प्रविधिको विकास, प्रतिस्पर्धात्मक बजार, हुर्कदो प्रविधियुक्त मुद्रा वजार आदिलाई ध्यानमा राखी ATM, SMS Banking, Mobile Banking सेवा प्रदान गर्दै आइएकोमा आजैका मितिदेखि Internet बाटै ई-बैंकिङ्ग गर्न सकिने थप सुविधा उपलब्ध गराउने तयारी गरेका छौं। साथै सामाजिक सुरक्षा भत्ता छिटो छरितो र भरपर्दो तरिकाले बैंकिङ्ग माध्यमबाट वितरण गर्न मोवाइल बैंकिङ्ग अवधारणाको कार्य अघि बढाइएको छ। जस अन्तरगत लाखौंको रुपमा रहेका बृद्ध, अपाङ्ग, एकल महिलाले मोवाइलबाट भुक्तानी प्राप्त गर्न सक्ने व्यवस्था हुनेछ। यसको लागि नेपाल सरकारबाट यथोचित सहयोग हुने अपेक्षा गरेका छौं।

६) जुनसुकै औद्योगिक राष्ट्रको शुरुको औद्योगिक धरातल भनेको साना तथा मझौला व्यवसायनै हुन। यिनीहरुको अभिवृद्धि (Growth) हुँदै ठुला ठुला उद्योगहरुमा परिणत भएको पाइन्छ। हाम्रो देशको सन्दर्भ ग्रामीण बैंकहरु लघु वित्तमा मात्रै केन्द्रीत भएको र वाणिज्य बैंकहरु ठुला उद्योग एवं व्यवसायतर्फ मात्र आकर्षित भएकोले साना तथा मझौला उद्योग व्यवसाय ओझेलमा परेको पाइन्छ। तसर्थ राष्ट्रिय वाणिज्य बैंकले यिनै साना तथा मझौला उद्यम (SME) मा लगानी विस्तार गरी औद्योगिकीकरणमा सहयोग पुऱ्याउनेछ।

यो बैंकमा अझैपनि तमाम समस्याहरु रहेका छन् यी समस्या समाधानतर्फ हाम्रो इमान्दार प्रयास रहनेछ। तथापी केही यस्ता समस्या छन् जसको समाधान बैंक भित्रबाट मात्र सम्भव देखिदैन। यस बैंकको पूँजीकोष ऋणात्मक छ जसको कारण हामीले धेरै व्यवसायिक अवसरहरु गुमाउनु परेको छ, बैंकको मुनाफा तथा कार्य कुशलतामा नकारात्मक प्रभाव परेको अवस्था हाम्रो सामु विद्यमान छ। यो ऋणात्मक पूँजी संरचनाबाट मुक्ति पाउन हामीलाई नेपाल सरकार र नेपाल राष्ट्र बैंकको सहयोगको आवश्यकता छ। यस अवसरमा यस बैंकद्वारा सरकार समक्ष पेश गरिएको पूँजी योजनाको कार्यान्वयनमा त्याई समग्र बैंकिङ्ग सुधारका कृयाकलापलाई निर्देशित गर्ने मानक संस्थाको रुपमा रहेको यस बैंकको वित्तीय स्वास्थ्य सवल बनाउन सहयोगको अपेक्षा दोहऱ्याउँदछौं।

४७ औं वर्ष प्रवेशको उपलक्ष्यमा यस बैंकले प्राप्त गर्दै आएको न्यानो सद्भाव निम्ति श्रद्धेय ग्राहक लगायत तमाम सरोकारवालाहरुप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा सबै सरोकारवालाको हीत प्रवर्द्धन निम्ति यस बैंक द्वारा चालिने सबै कदमहरुमा सम्वद्ध सबैबाट न्यायो सहयोग र सद्भावको अपेक्षा प्रकट गर्दछु। अन्तमा, हाम्रो आमन्त्रणलाई स्वीकार गरी यस वार्षिकोत्सव समारोहमा समुपस्थित भै हामीलाई हौसला प्रदान गर्नु हुने यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यू ,विशेष अतिथिहरु माननीय अर्थमन्त्री वर्षमान पुनज्यू, नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाज्यू, अतिथिगण, पत्रकार मित्रहरु लगायत समस्त आमन्त्रित अतिथि महानुभावहरुमा बैंकको तर्फबाट हार्दिक स्वागत अभिवादन दोहऱ्याउँदै यो मन्तव्य टुङ्ग्याउने अनुमति चाहन्छु।

## विभिन्न स्थानमा रावावैंकको शाखा पुनस्थापना

**पर्साढाप**

माघ १५ चितवन

राष्ट्रिय वाणिज्य बैंकले ग्रामीण क्षेत्रमा कृषि तथा साना मझौला उद्यममा लगानी विस्तार निम्ति ग्रामीण क्षेत्रमा बैंकिंग आधार विकासको अपरिहार्यता रहेको तथ्यलाई आत्मसात गरी शाखा स्थापना/पुनर्स्थापना कार्यमा तीव्रता दिएको छ। यसै सिलसिलामा चितवनको प्रमुख व्यापारिक केन्द्र पर्साढाप बजारमा बैंकको १३५ औं शाखाको रूपमा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय पर्साढापको पुनर्स्थापना गरिएको छ। सशस्त्र द्वन्द्वकालमा कमजोर शान्ति सुरक्षाको कारणले वन्द हुन पुगेको उक्त शाखाको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । प्रारम्भदेखि नै कम्प्युटराईज्ड तथा कुनै पनि शाखा बैंकिंग सेवा (एनि ब्रान्च बैंकिंग सर्विस) उपलब्ध उक्त शाखा कार्यालयको समुद्घाटन समारोहमा उद्योग संघ चितवनका अध्यक्ष कृष्ण प्रसाद अधिकारी, उद्योग वाणिज्य संघ चितवनका प्रतिनिधि खोमकान्त रेग्मी ,उद्योग वाणिज्य संघ पर्साढापका अध्यक्ष गजेन्द्र जोशी, स्थानीय समाजसेवी पृथ्वीमान गुरूङ्ग, चन्द्रदत्त सुवेदी, चितवनका सहायक प्रमुख जिल्ला अधिकारी रामराज सुवेदी लगायतका महानुभावले शुभकामना मन्तव्य दिनुभएको थियो । रावावैंक क्षेत्रीय कार्यालय वीरगन्जका प्रमुख अमरेन्द्रदेवको सभापतित्व र शाखा कार्यालय भरतपुरका प्रवन्धक सीताराम अधिकारीको स्वागत मन्तव्यसहित सम्पन्न उक्त समारोहमा केन्द्रीय कार्यालयका विभागीय प्रमुखहरू माधवराज पन्त, भेषराज पन्थीका साथै स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति थियो ।

**कोटिहवा**

माघ २१ भैरहवा

रूपन्देहीको प्रमुख व्यापारिक केन्द्रहरूमध्ये एक कोटिहवामा रावावैंकको १३६ औं शाखा कार्यालय पुनस्थापना गरिएको छ। वि.सं. २०५९ सालमा कमजोर शान्ति सुरक्षाको कारण विस्थापित भई हाल पुनर्स्थापित उक्त शाखा कार्यालयको राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले एक विशेष: समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा अध्यक्ष ढकालले शाखा स्थापना, विस्थापनदेखि हालसम्मको जनताको बैंकिंग आवश्यकता र बैंकको सेवास्तरमा धेरै नै परिवर्तन आएको वताउदै परिवर्तित प्रतिष्पर्धात्मक परिवेशमा जनता र



राष्ट्रको आवश्यकतालाई संवोधन गर्ने गरी कृषि,साना मझौला उद्यम क्षेत्रमा गरीवदेखि प्रतिष्ठितसम्मका उद्यमी व्यवसायीलाई लघुदेखि ठूलाकर्जासम्मका सेवा विस्तार गर्ने , जनसाधारणको बैंकिंग पहुंच बढाउने तथा उनीहरूलाई आधुनिक एवं गुणस्तरीय बैंकिंग सेवा उपलब्ध गराउने बैंकको नीति अनुरूप शाखा पुनस्थापित गरिएको वताउनुभयो । सो अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले मुलुकका अधिकांश जनता अद्यापी आर्थिक कियाकलाप अभिवृद्धिको न्यूनतम शर्तको रूपमा रहेको बैंकिंग सेवाको पहुंचबाहिर रहेकोले देशको पूर्ण सरकारी बैंकको नाताले राबाबैंक बढी से बढी जनतामाझ सेवा विस्तार निम्ति प्रयत्नशील रहेको वताउदै बैंकले उपलव्ध गराउने कुनै पनि शाखा सेवा, एटिएम, इ बैकिंग,आरविवि रेमिट नामक विप्रेषण सेवा, समाजका अधिकांश वर्ग समेटिने गरि लागू गरिएका महालक्ष्मी, कर्मयोगी, छुनामुना, शिक्षक लगायतका आकर्षक निक्षेप योजना, ठूला देखि साना मझौला उद्यम व्यवसायको प्रवर्द्धन तथा विकास निम्ति बैंकद्वारा प्रवाह गरिने कर्जा सेवाहरू उपयोग गरी पारस्परिक एवं राष्ट्रिय समृद्धिमा सघाउन स्थानीय ग्राहक र जनसाधारण महानुभावलाई आग्रह गर्नुभयो ।

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक ओम प्रकाश आचार्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी हरिकृष्ण पौडेल, नेपाल राष्ट्र बैंक भैरहवा शाखाका व्यवस्थापक शालिकराम दहाल, सिध्दार्थनगर उद्योग वाणिज्य संघका महासचिव राम कुमार शर्मा, व्यवसायी चन्द्रमणि श्रेष्ठ, राष्ट्र सेवक ईश्वरी ज्ञवाली लगायतका वक्ताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । रावावैंक शाखा कार्यालय बुटवलका प्रवन्धक टीकाराम के.सि.ले स्वागत तथा शाखा कार्यालय भैरहवाका प्रवन्धक नर्मदेश्वर पाठकले धन्यवाद मन्तव्य दिनुभएको उक्त कार्यक्रमको संचालन शाखा कार्यालय भैरहवाका सह लेखा अधिकृत गोविन्द प्रसाद रेग्मीले गर्नुभएको थियो ।

## एकै दिन दुई शाखा पुनस्थापना

माघ २७, पोखरा

नेपालको महत्वपूर्ण पर्यटकीय नगर पोखरामा विकसित हुँदै गरेका आर्थिक केन्द्रहरू तालचोक र पार्दीमा एकै दिन राष्ट्रिय वाणिज्य बैंकका दुई शाखा पुनस्थापना गरिएको छ। बैंकको १३७ औं र १३८ औं शाखाको रूपमा पुनस्थापित रावावैंक शाखा कार्यालय तालचोक र रावावैंक शाखा कार्यालय पार्दीको अर्थ राज्यमन्त्री हरिराज खेवा लिम्वुले छुट्टाछुट्टै समारोहका बीच समुद्घाटन गर्नुभयो। सो अवसरमा अर्थ राज्य मन्त्री लिम्वुले अव देश ऐतिहासिक राजनैतिक क्रान्ति समापन गरी आर्थिक क्रान्ति आरम्भ गर्ने महत्वपूर्ण चरणमा प्रवेशको क्रममा रहेकोले सो सिलसिलामा आर्थिक विकासलाई तिब्रता दिन बैंक शाखाहरू स्थापना, पुनस्थापना गर्दै जाने सरकारी नीति अनुरूप पूर्ण सरकारी यस बैंकका यी शाखाहरू पुनस्थापित गरिएको वताउंदै यी शाखाको पुनस्थापनाबाट यस क्षेत्रको आर्थिक सामाजिक विकासमा सकारात्मक प्रभाव पर्ने अपेक्षा प्रकट गर्नुभयो । सभापतिको आसनवाट



*अर्थ राज्य मन्त्री हरिराज खेवा लिम्बू*

राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले राज्यमा उत्पन्न विशिष्ट तथा विषम परिस्थितिका कारण विस्थापित हुन पुगेका शाखाहरू क्रमिक रूपमा पुनस्थापना गर्दै जाने सरकारी नीतिलाई सघाउन शाखा पुनस्थापना गरिएको, विपन्नभन्दा विपन्नदेखि ठूला उद्यमीमा निहित उद्यमशीलता प्रवर्द्धन निम्ति रावावैंकले आर्थिक सहयोग उपलव्ध गराउने प्रतिवद्धता प्रकट गर्दै बैंकबाट प्रवाहित निक्षेप, कर्जा तथा रेमिटान्स लगायतका विविध आधुनिकतम बैंकिंग सेवाहरू उपभोग गरी आफनो, बैक र राष्ट्रको आर्थिक श्रीबृध्दिमा योगदान पुरयाउन सम्वध्द ग्राहक तथा जनसाधारणलाई आग्रह गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक ओम प्रकाश आचार्यको स्वागत तथा संचालनमा सम्पन्न दुबै समारोहमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा, नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाका साथै स्थानीय उद्यमी व्यवसायी र जन साधारणको उल्लेख्य उपस्थिति थियो ।

**भुरीगाँउ**

फाल्गुण ९ वर्दिया

वर्दिया जिल्लाका प्रमुख व्यापारिक तथा आर्थिक केन्द्रहरूमध्ये एक भुरीगाउंमा राष्ट्रिय वाणिज्य बैंकको शाखा पुनस्थापना गरिएको छ । बैंकको १३९ औं शाखाको रूपमा पुनस्थापित रावावैंक शाखा कार्यालय भुरीगांउको राष्ट्रिय योजना आयोगका सदस्य जनकराज शाहले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा सदस्य शाहले राष्ट्रिय अर्थतन्त्रको सुदृढिकरण निम्ति ग्रामीण अर्थतन्त्रको सुधार अपरिहार्य रहेकोले त्यस निम्ति सरकारी बैकहरूको भूमिका महत्वपूर्ण रहने परिप्रेक्षमा सरकारी बैकहरूले आफनो सेवाको गुणस्तर र क्षेत्र दुवैमा स्तरोन्नती गरी देशको आर्थिक, सामाजिक ,सांस्कृतिक रूपान्तरणमा प्रभावकारी योगदान पुराउनु पर्ने वताउनुभयो । सभापतिको आसनवाट राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले राज्यमा उत्पन्न विशिष्ट एवं विषम परिस्थितिका कारण विस्थापित हुन पुगेका शाखाहरू क्रमिक रूपमा पुनस्थापना गर्दै जाने सरकारी नीतिलाई सघाउन शाखा पुनस्थापना गरिएको वताउदै विपन्नभन्दा विपन्नदेखि ठूला उद्यमीमा निहित उद्यमशीलता



प्रवर्द्धन निम्ति रावावैंकले आर्थिक सहयोग उपलव्ध गराउने प्रतिवद्धता प्रकट गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले राष्ट्रिय वाणिज्य बैंक देशमा दिगो वित्तिय वातावरण तयारमा प्रयत्नशील रहेको वताउदै बैंकबाट प्रवाहित निक्षेप, कर्जा तथा रेमिटान्स

लगायतका विविध आधुनिकतम बैकिंग सेवाहरू उपभोग गरी आफ्नो, बैक र राष्ट्को आर्थिक श्रीवृद्धिमा योगदान पुरयाउन सम्वध्द ग्राहक तथा जनसाधारणलाई आग्रह गर्नुभयो । । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय नेपालगन्जका प्रवन्धक टेक राज जोशीको स्वागतमा सम्पन्न समारोहमा उद्योग वाणिज्य संघ भुरीगाउंका अध्यक्ष जीवन शाही, निकुन्ज मध्यवर्ती वहमुखी क्याम्पसका प्रमुख मदन ज्ञवाली, स्थानीय व्यवसायी चित्रप्रसाद खनाल लगायतका महानुभावले शुभकामना मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय नेपालगन्जका लेखा अधिकृत चेतराज भट्टको संचालनमा सम्पन्न उक्त समारोहमा स्थानीय उद्यमी व्यवसायी र जन साधारणको उल्लेख्य उपस्थिति थियो ।

### राष्ट्रिय वाणिज्य बैंकद्वारा शिक्षक लक्षित वचत तथा कर्जा सेवा

राष्ट्रिय वाणिज्य बैंकले देशका विभिन्न स्थानमा रहेका सरकारी विद्यालय तथा विश्वविद्यालयमा अध्यापन कार्यमा संलग्न शिक्षक प्राध्यापकहरूलाई लक्षित गरी आकर्षक वचत तथा कर्जा सेवा बजारमा ल्याएको छ ।

## प्रमुख कार्यकारी अधिकृत शर्मा सम्मानित

माघ १५ कुश्मा

**"मुलुकमा उत्पादन आय र रोजगारीका अवसर अभिवृध्दि गर्न लगानी बृद्धि अत्यावश्यक रहेको तथ्यलाई मनन् गरी राष्ट्रिय वाणिज्य बैंकले लगानी र कारोवारको क्षेत्र फराकिलो बनाउने छ । बैंकले व्यवसायिक कृषि, गरिवी निवारण र शिक्षकलाई उपभोग कर्जा लगायतका क्षेत्रमा लगानी बढाउने छ ।** " उक्त कुरा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले गृह जिल्ला पर्वतको सदरमुकाम कुश्मा बजारमा पर्वत




उद्योग वाणिज्य संघद्वारा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा व्यक्त गर्नुभएको हो । **"जनताप्रति उत्तरदायी हुन र सबैलाई सर्वसुलभ रुपमा बैकिंग सेवा दिन वाणिज्य बैंक जिम्मेवार ढंगले अघि बढेको छ । हामी बैंकलाई मुलुककै प्रमुख बैंक बनाउने अभियानमा छौं** " प्रमुख कार्यकारी अधिकृत शर्माले थप्नुभयो । **सो अवसरमा पर्वतका व्यवसायीहरुले कुश्मामा एटिएम मोवाईल बैकिंग सहितका आधुनिक सेवा थप्न तथा बैकबाट २४ सै घन्टा सेवा उपलव्ध हुने व्यवस्था मिलाउन आग्रह गरेका छन् ।**

(श्रोत बजार साप्ताहिक कारोवार दैनिक)



बार्षिकोत्सवको खुशी साटासाट दायाँबाट क्रमश : संचालक समितिका अध्यक्ष नरहरी ढकाल प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा र तालिम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानी

## कर्जा लगानी तथा असुली सम्बन्धी रणनीतिक गोष्ठी सम्पन्न

फागुन १३ सौराहा

यस बैंकको ब्रान्च अपरेसन विभाग र तालीम तथा विकास विभागको संयुक्त आयोजनामा ठूला ४३ शाखाको सहभागितामा चितवनको सौराहामा कर्जा असुली तथा लगानी सम्बन्धी दुई दिवशीय बृहत रणनीतिक गोष्ठी हालै सम्पन्न भयो । वर्तमान अवस्थामा सुरक्षित कर्जा लगानीका क्षेत्र यकिन गर्ने, यस बैंकको बैकिंग हिस्सा अभिबृद्धि गर्ने, असल कर्जाको संरक्षण तथा विस्तार गर्ने, पुराना कर्जा असुली निम्ति आवश्यक रणनीति तय गर्ने, कर्जा विस्तार तथा असुलीका कार्य योजना निर्धारण गर्ने गुणस्तरीय सेवा अभिबृद्धि गर्ने प्रमुख उद्देश्य राखी संचालित उक्त गोष्ठीको शुभारम्भ समारोहमा प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले आगामी ४ वर्षमा व्यवसाय विस्तारको लक्ष (निक्षेप ११० अरब, कर्जा ६० अरब, भाखा नाघेको कर्जा १.६७ प्र.भन्दा कम, वार्षिक मुनाफा २ अरब पुऱ्याउने) तथा बैंकले अघि सारेको पूंजी योजना सम्बन्धी जानकारी सहित घोषित लक्षहरू हरहालतमा



हासिल गर्न बैंकका क्षेत्रीय प्रवन्धक ,शाखा प्रवन्धक तथा सबै कर्मचारीले इमान्दारीपूर्वक आआफ्नो जिम्मेवारी वहन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । सो समारोहमा नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले गोष्ठीबाट अपेक्षित नतिजाबारे मन्तव्य दिनुभएको थियो भने शाखा संचालन विभागका प्रमुख भेषराज पन्थीले गोष्ठीको औचित्य र आवश्यकताबारे प्रकाश पार्नु भएको थियो ।

सो गोष्ठीमा कर्जा विभागका प्रमुख गोपाल चन्द्र शर्माले असल कर्जा विस्तार सम्वन्धी धारणा राख्नुभएको थियो भने सोही विभागका चा.ए. भुपेन्द्र पाण्डेले समष्ठिगत कर्जाको परिदृश्य, यस बैंकको कर्जाको अवस्था र आवश्यक सुधारका क्षेत्रबारे खोजमूलक प्रस्तुती दिनुभएको थियो । सो गोष्ठीमा मुख्य शाखा कार्यालय काठमाडौंका प्रवन्धक विष्णुप्रसाद वैद्यको संयोजकत्वमा ८ शाखा प्रवन्धक सम्मिलित कर्जा नीति तथा कर्जा लगानी निर्देशिका परिमार्जन समूह, विराटनगर क्षेत्रका प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको संयोजकत्वमा ११ शाखा प्रवन्धक सम्मिलित असल कर्जा विस्तारका संभावना पहिचान समूह, क्षेत्रीय कार्यालय नेपालगन्जका प्रमुख टेकराज जोशीको संयोजकत्वमा ११ शाखा प्रवन्धक सम्मिलित कर्जा असुली रणनीति निर्धारण समूह तथा पोखरा क्षेत्रका प्रवन्धक ओमप्रकाश आचार्यको संयोजकत्वमा ११ शाखा प्रवन्धक सम्मिलित गुणस्तरीय सेवा समूहहरूद्वारा विस्तृत छलफल पश्चात तयार पारिएका सुझावहरू प्रस्तुत गरिएको थियो ।

कुल निक्षेप कारोवारमा करीव ५७ प्रतिशत,कर्जा कारोवारमा करिव ७५ प्रतिशत, भाखा नाघेको कर्जामा करीव ८४ प्रतिशतको हिस्सा ओगट्ने यी शाखाहरूको सहभागितामा पर्यटकीय नगर सौराहामा सम्पन्न गोष्ठीले तय गरेको मार्गनिर्देशको कार्यान्वयनमा सम्वध्द पक्षहरूद्वारा देखाईने चासो र सक्रियताले यस बैंकको सुन्दर तथा सुदुर भविष्य निर्धारण हुने कुरामा शंका छैन । अब प्रतीक्षा छ केवल कार्यान्वयनको ।

(ब्रान्च अपरेशन विभागका प्रमुख भेषराज पन्थी र तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको सहयोगमा तयार सामग्री)

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : DGM Jyotichandra Ojha Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Public Printing Press Pvt. Ltd., Kathmandu